लेखापरीक्षण प्रतिवेदन

ठोरी (सुवर्णपुर) गाउँपालिका, पर्सा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

ठोरी (सुवर्णपुर) गाउँपालिका, पर्सा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/709

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
ठोरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पर्सा।

कैफियतसहितको राय

हामीले ठोरी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड २६ लाख ३१ हजार, एकीकृत स्वास्थ्य पुर्वाधार रु.४ करोड ७२ लाख ८५ हजार र स्वास्थ्य क्षेत्र सुधार रु.११ लाख ८५ हजार समेत रु.१४ करोड ११ लाख १ हजार समावेश गरेको छैन ।

२.गाउँपालिकाको रु. १ अर्ब ३ करोड ४७ लाख ९६ हजारको लेखापरीक्षण गरिएकोमा रू.३ करोड १६ लाख १८ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु.२ करोड २८ लाख ७९हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१२ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४८ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु. २४ लाख ८२ हजार र पेस्की बाँकी रु.१ लाख समेत यष वर्ष रू. ८७ लाख ३८ हजार बेरुजु कायम रहेको छ। पालिकाको गत वर्षसम्म रु.२५ करोड ८५ लाख १६ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष समायोजन र फस्यौंट र आर्थिक वर्ष २०७५।७६ को बक्यौता समेत कायम अद्यावधिक बेरुजू रु.२९ करोड ४० लाख ५६ हजार रहेको छ । **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ।**

३.गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
९३	५६	३,१६,१७,६१६	०	१२	२,२८,७९,४८०	०	९३	४४	८७,३८,१३६	१२,८९,८३७	२४,८१,८०५	४८,६६,४९४	०	०	७३,४८,२९९	१,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	२०७५/७६ को थप	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पर्सा	२५,८५,१६,०००	२,६८,०२,०००	०	२८,५३,१८,०००	०	८७,३८,१३६	२९,४०,५६,१३६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	५६.६	सशर्त शिक्षा तर्फ:	१५,००,०००
२	२०८०/८१	३२	बैठक भत्ताः	१८,०००
३	२०८०/८१	३५	पारिश्रमिक करः-	१६,१४१
४	२०८०/८१	४०	कार्यसम्पन्न प्रतिवेदन पेश नभएको:	७,५०,०००
५	२०८०/८१	१२	अभिलेख प्रमाण	८,९४,७७६
६	२०८०/८१	२२	अनुगमन भत्ताः-	४,५००
७	२०८०/८१	४६	१५ वेड अस्पताल:	१,९६,९६,०६४

जम्मा	२,२८,७९,४८०

(८०२२२५०५३०० - ठोरी (सुवर्णपुर) गाउँपालिका, पर्सा)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी जनतालाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल १२८.६७ वर्ग किलोमिटर ४२४७ जनसंख्या र ४२४७ घर संख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।१०।१० देखि २०८१ ।१०।१७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु.१०३४७९६०००।को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा ५ जना कर्मचारीको बढी भुक्तानी भएको पोषाक भत्ता रु.४९५०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ **स्थानीय तहको एकीकृत आर्थिक प्रतिवेदन वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सि.नं	आयतर्फ विवरण	रकम	सि.नं	व्ययतर्फ विवरण	रकम
१	**गत वर्षकोजिम्मेवारी**	**१७०६१२४४.४८**	१	**चालु खर्च**	**२७१४०६३८६**
	क) धरौटि मौजदात	७२००७०४	२	**पूँजीगत खर्च**	**९१६७२२०६**
	ख) मुल खातामा मौजदात	९८६०५४०.४८	३	**धरौटी फिर्ता**	**८६९८७७१**
२	**राजस्व (आन्तरिक आय)**	**९०१०७४३०.४२**	४	**मौज्दात**	**२२८३३२६३**
	क) आन्तरिक राजस्व	४५०९१४१.५७		क) बैंक मौज्दात	१९२१२८८१
	ख) राजस्व बाँडफाँड	७८४३१५५७.२	५	**धरौट मौज्दात**	**३६२०३८२**
	रोयल्टि	७१६६७३१.६५	६	**अन्तर स्थानीय तहबाट प्राप्त**	**१४२७३४७५२**
३	**वित्तिय हस्तान्तरण संघ**	**२७२७४९९०३.७**		क सामाजिक सुरक्षा	९२६३१५०६
	क) वित्तिय समानीकरण अनुदान	८५३७४०००		ख) ऐकिकृ स्वास्थ्य पूर्वाधार कार्यक्रम	४७२८५०१२
	ख) सशर्त अनुदान	१७३९२०५४९.७		ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	११८५०००
	ग) समपूरक अनुदान	४९७२९१८		घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम	
	घ) विशेष अनुदान	८४८२४३६		ख) सडक बोर्ड नेपाल	१६३३२३४
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	**९४३५३३७**			
	क) वित्तिय समानीकरण अनुदान	६४४८०००			
	ख) सशर्त अनुदान	0			
	ग) समपुरक अनुदान	0			
	घ) विशेष अनुदान	२९८७३३७			
५	**अन्तर स्थानीय तहबाट प्राप्त**	**१४११०१५१८**			
	क सामाजिक सुरक्षा	९२६३१५०६			
	ख) ऐकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	४७२८५०१२			
	ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	११८५०००			
६	अन्य				
	सडक बोर्ड नेपाल	**१७०००००**			
७	**धरौटी आय**	**५११८४४९**			
८	**अन्य विविध आय**	**७१४९६**			
	जम्मा	**५३७३४५३७८.६**		जम्मा	**५३७३४५३७८**

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १७०६१२४५। मौज्दात रहेकोमा यो वर्ष सुत्रानुसार रु. ९२०१९८२। छ भने पालिकाले उपलब्ध गराएको एकीकृत आर्थिक विवरण रु १७०६१२४५। जिम्मेवारी सारेको छ । सुत्रानुसार फरक हिसाव भएको सम्बन्धमा हिसाव मिलान विवरण तयार गरी पेश गर्नुपर्दछ ।

२.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९६२२३०००। ,एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम रु ४७३१९०००। र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु १२८००००। समेत गरी रु १४४८२२०००। सुत्रमा लेखाङ्कन गरेको छैन । सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ७८५९२६३।, यस वर्षको प्राप्ति रु.१४७९६३३१७।, यस वर्षको भुक्तानी रु.१५१४३३५२४। र बैङ्क मौज्दात रु. ४३८९०५६। फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	९२,०१,९८२	३७,२३,२०,८१७	३६,३०,७८,५९२	१८४४४२०७
एकीकृत आर्थिक विवरणअनुसार	१७०६१२४५	५२०२८४१३४	५१४५१२११६	२२८३३२६३
फरक	७८५९२६३	१४७९६३३१७	१५१४३३५२४	४३८९०५६

२.५ **बैङ्कहिसाब विवरण**-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाताको प्रकार	श्रेस्ता अनुसार बाँकी	बैंक अनुसार बाँकी	कैफियत
ग १.१, आन्तरिक राजस्व खाता	१०७१००.	०	
ग १.१, आन्तरिक राजस्व खाता	-३०९९२५२.७२		
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	-७१६६७३१.६५	०	
ग २.७, विविध खर्च खाता	२६०	०	
ग ३.१, स्थानीय तह धरौटी खाता	३६४१८१५.	०	
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	२८२५७७५८.७४	२८२५७७५८.७४	
ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	०	०	
जम्मा	२१७४०९४९.३७	२८२५७७५८.७४	

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्थानीय तह सञ्चित कोष खातामा स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

३ **वित्तीय स्थीति**

३.१ **कर दायित्व** – आयकर ऐन २०५८ को दफा ८७ मा अग्रिम कर कट्टी गर्नुपर्ने तथा मुल्य अभिवृद्धिकर ऐन, २०५३ तथा आर्थिक ऐनमा मुल्य अभिवृद्धि करको ३० प्रतिशत कर अग्रिम कट्टा गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले वार्षिक रुपमा गरेका कारोबारहरुमा कट्टा गरेको मुअकर तथा अग्रिम कर रु ३४,९१२। रहेकोमा दाखिला गरेको देखिएन । कट्टा गरेका करहरु सम्वन्धित शिर्षकमा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
३.१.१	ठोरी गाउँपालिका पर्सा	३४,९१२

प्रमाण पेश नगरेको	३४,९१२

३.२ **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ४४६५८०६।६५ अ ल्या आन्तरिक श्रोत रु८८३३४८७।६४ राजस्व बाँडफाँट रु ६४३५८०९१।०६ र अनुदानबाट रु २८२१८५२४०।६६ समेत रु५५५८४२६२६।२१ आम्दानी भएकोमा चालु तर्फ रु २७१४०६३८६।१९ र पूँजीगत तर्फ रु९१६७२२०६ समेत रु ३६३०७८५९२।१९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।१२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ८२५४५९९ खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा ४६ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७८ प्रतिशत चालु र २२ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण**

४.१ आन्तरिक नियन्त्रण प्रणाली- स्थानीय सरकारसञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरीलागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेकोपाईएन। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथिविश्वस्त हुन सक्ने अवस्था देखिएन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरुदेहायबमोजिम रहेका छन:

१.निजामती सेवा ऐन,२०४९ बमोजिम यसपालिकाकामा कार्यरत ७५ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादनमुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

२.भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/ अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.५लाख ८६ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

३.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले विभिन्न १८ खर्च शीर्षकबाट रु ३८ लाख ९० हजार ७०८ रुपैया खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४.पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

५.पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

६.संस्थागत विद्यालयहरूको दर्ता तथा नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

७.आन्तरिक आम्दानीको यथार्थमा आधारित अनुमान गरेको देखिएन।

८.पालिकाले आफै गर्न सक्ने सामान्यप्रकृतिका कार्यहरु समेत गैरसरकारी संस्थामार्फत गराएको देखिन्छ।

९.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुततथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

१०.स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रकाविषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत दीर्घकालीन विकास योजना तयार गरीकार्यान्वयनमा ल्याएको पाईएन ।

११.सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

१२.सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

१३.ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

१४.स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

१५.वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

१६.शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

१७.सुशासन संचालन तथा व्यवस्थापन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थितिअनुगमन संयन्त्र तयार गरेको पाईएन।

१८.पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

१९.आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार बेरुजु फस्यौटको लागि पहल गरेको देखिएन।

२०.सामाजिक सुरक्षा भत्ता वितरणको लागि निकासा भएको रकम वितरण नभइ बाँकी रहेको रकम समयमा नै बैंकबाट फिर्ता माग गरी संचीत कोषमा दाखिला गरेको देखिएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.२ **योजना तगा बजेट कार्यान्वयनः** पालिकाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको देखिएन ।साथै दीर्घकालिन लाभ हुने र धेरै जनसङ्ख्या लाभान्वति हुने खालका योजना तर्जुमा गरी कार्यन्वयनमा लगेको देखिएन। पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन । यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाहको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन ।पालिकाले योजना तर्जुमा गर्दा स-साना योजनाहरु धेरै बनाएको, दिगो विकासका अन्तराष्ट्रिय लक्ष्यहरुलाई आन्तरिकीकरण गर्न प्रयास नगरेको लगायतका बेहोरा देखिएका छन । यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

४.३ **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानिय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकामा आन्तरिक लेखापरिक्षणको पदमा व्यक्तिभए पनि सम्वन्धित काममा लगाएको पाइएन। पालिकामा आन्तरिक लेखापरीक्षण गर्ने जनशक्ति उपलब्ध नभएको अवस्थामा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा अनुरोध गरी आन्तरिक लेखापरीक्षण गराउनुपर्नेमा कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरेको देखिएन । सिमित समय र जनशक्तिको आधारमा अन्तिम लेखापरीक्षणबाट सबै कारोवारको परीक्षण गर्न सम्भव हुने स्थिती छैन । कतिपय कारोवार आन्तरिक लेखापरीक्षणलाई आधार लिई अन्तिम लेखापरिक्षणमा परीक्षण नगरिने मान्यता र प्रचलन समेत रहेको छ । यस्तो अवस्थामा ठोरी गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराउने प्रयास समेत नगरेको उपयुक्त देखिएन । अन्तिम लेखापरीक्षण गर्दा पालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिएको छ । यस्तो अवस्थामा आन्तरिक लेखापरीक्षण नगराउनेलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.४ **बेरुजु लगतः**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ। बेरुजु लगतका लागि मलेप फाराम ८०१ देखि ८०५ सम्म व्यवस्था गरिएको छ । पालिकाले बेरुजुको म. ले. प. फाराम ८०१ – बेरुजु लगत म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन। साथै पालिकाले बेरुजु सम्परीक्षण गर्नेतर्फ ध्यान दिएको देखिएन। बेरुजु र बेरुजु फर्स्यौटको लगत अध्यावधिक राख्नुपर्ने तथा महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएका बेरुजुको समयमै सम्परीक्षण गराउनुपर्दछ ।

५ बजेट तथा कार्यक्रम

५.१ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण,

साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीले मिति २०८०।०३।०९ गते रु ५८ करोड ५४ लाख ७७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने कार्यलाई निरन्तरता दिनु पर्दछ ।

६ **खर्च बिश्लेषणः**

६.१ **क्षेत्रगत कार्यक्रम तथा खर्च बिश्लेषणः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार गरे नगरेको,

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	३,२४,८६,३१५.००	२,६७,८६,१२०.००	८२.४५
२	सामाजिक विकास	२०,९७,३०,०००.००	१९,०६,९२,५७८.१४	९०.९२
३	पूर्वाधार विकास	५,७९,०२,३२२.००	४,०५,५७,४५५.००	७०.०४
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१०,००,०००.००	९,८८,२२१.५२	९८.८२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१२,००,८१,०३४.४८	१०,४०,५४,२१७.५३	८६.६५
कुल जम्मा		४२,११,९९,६७१.४८	३६,३०,७८,५९२.१९	८६.२

माथि उल्लिखित तालिका अनुसार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सवैभन्दा बढी ९९ प्रतिशत र पुर्वाधार विकासमा न्युन ७०।०४ प्रतिशत खर्च भएको देखिन्छ ।सामाजिक विकास क्षेत्रमा करिव ९०।९२ प्रतिशत पुँजीगतबजेट खर्च भएको र कार्यालयसञ्चालन तथा प्रशासनिक ८६।६५ प्रतिशत देखिएतापनि यस क्षेत्रको बजेट कार्यालय सञ्चालन तथा प्रशासनीक क्षेत्रबाट खर्च हुनुपर्ने काममा समेत खर्च भएकोले बढी देखिएको देखिन्छ।पुर्वाधार विकास क्षेत्रको बजेट लगायत पुँजीगत काममा विनियोजित बजेटबाट चेतनामुलक तालिम कार्यक्रमजस्ता कार्यक्रम भएको देखिन्छ ।पालिकाले उल्लिखित बजेट क्षेत्र अनुसार विनियोजित बजेटलाई सम्बन्धित क्षेत्रमा मात्र खर्च नगरेकोले उल्लिखित खर्च प्रतिशत वास्तविक भएको भनी विश्वस्त हुन सकीएन।पालिकाले आवश्यकता विष्लेषण गरी बजेट विनियोजन गर्ने र सोहीअनुसार मात्र खर्च गर्ने गर्नुपर्दछ ।

६.२ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा

काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पूँजीगत खर्चतर्फ	९१६७२२०६	११७२२२५३	१३३१५१०१	१५८१४८९०	५०८१९९६२	३५९७७९१६
प्रतिशत	७५।३९	९।६४	१०।९५	१३	४१।७९	२९।५८

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.९१६७२२०६ (७५।३९)निकासा भएकोमा प्रथम त्रैमासिकमा १० प्रतिशत, दोश्रो त्रैमासिकमा ११ प्रतिशत र तेश्रो त्रैमासिकमा १३ र चौथो त्रैमासिकमा ४२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र३० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ।

खर्चको प्रवृत्ति हेर्दा पालिकाको पहिलो त्रैमासिकमा १०% खर्च भएको देखियो। यो रकम गत विगत वर्षको भुक्तानी दिन बाँकीको भुक्तानी पनि नदिएको देखिन्छ।असार महिनामा ३० प्रतिशतखर्च भएको देखिएकोले वर्षान्तको अन्तमा खर्च गर्ने परिपाटीमा सुधार भएको देखिदैन ।खर्च गर्ने अख्तियारी समयमा नै प्राप्त हुदाँ समेत वर्षको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीलाई सुधार गर्नुपर्दछ।

६.३ **रकमान्तर**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको निर्णयवाट कुनै शीर्षकमा विनियोजित बजेटबाट पूंजिगत शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सकिने व्यवस्था छ। साथै पालिकाको विनियोजन ऐन, २०७९ को दफा २ मा कार्यपालिकाले एक शीर्षकबाट अर्को शीर्षकमा बढीमा १०% सम्म रकमान्तर गर्न सक्ने तर पुँजीगत तथा वित्तीय व्यवस्थाका लागि विनियोजित बजेटबाट चालु खर्चमा रकमान्तर गर्न नसकिने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न ४ शीर्षकबाट ४ करोड ४६ लाख २२ हजार ४२२ घटाएको तथा ६५ शीर्षक ४ करोड ४६ लाख २२ हजार ४२२ बजेट थप गरिएको देखिन्छ। यसरी बजेट रकमान्तर गरिएको अंक सुरुवाती बजेटको तुलनामा १५ प्रतिशत हुने देखिन्छ। रकम थप गरिएका योजनाहरुमा कतिपय चालु प्रकृतिका खर्चहरु रहेको देखिन्छ। कानूनले तोकेको भन्दा बढी मात्रामा रकमान्तर गर्दा बजेट उपशीर्षकअनुसार खर्च नभएको तथा बजेट खर्च लेख्दा तोकीएको खर्च शीर्षकभन्दा अन्य खर्च शीर्षकबाट भुक्तानी लेखिएको देखिन्छ। वर्षान्तमा ठुलो मात्रामा रकमान्तर गर्दा आर्थिक अनुशासन कमजोर हुन सक्ने हुदाँ बजेट बनाउदा नै कार्यन्वयन योग्य योजनाको छनौट गरी सोही अनुसार बजेट खर्च लेख्ने तथा कानूनले तोकेअनुसार मात्र रकमान्तर गर्नुपर्दछ।

७ प्रशासकीय व्यवस्थापन

७.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत स्वास्थ्थ वडाहरु सहित १० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ६५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

७.२ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लिखित पदहरुमा बाहेक कर्मचारी करारमा शसर्तबाट १२ जना र आन्तरिक श्रोतबाट ६६ जना सहित ७८ जना नियुक्त गरी तलव भत्ता रु. ४०२०७८१३।भुक्तानी गरेको पाइयो । लेखापरीक्षणको क्रममा करार नियुक्ति सम्बन्धी सम्झौता तथा म्याद थप सम्बन्धी कागजात पेश नभएकोले करारमा कार्यरत

कर्मचारीहरुको विवरण, कार्य विवरण तथा संख्या कति हो स्पष्ट हुन सकियन। साथै करार नियुक्ति गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । यसबाट कार्यालयको खर्च बढी रहने तर नतिजामुखि कार्यसम्पादन स्पष्ट नहुने प्रणालीको अन्त गरी करार सेवा प्रणालीलाई व्यवस्थीत बनाउनु पर्दछ । साथै पालिकाले कर्मचारी नियुक्ति गर्दा आन्तरिक आयलाई ध्यान दिई करार नियुक्ति गर्नुपर्दछ।

७.३ **तलबी प्रतिवेदन**-निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २१ कर्मचारीको रु ८९५३८०२ र पालिकाका ६ कर्मचारीको रु.२६५७३८२ समेत रु.११६११९८४ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

७.४ **अवकास कोष**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले अवकास कोषको व्यवस्था गरि कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ ।

७.५ **आयोगको परामर्श** – प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर साविकका जिविसका ४ विभिन्न पदका कर्मचारीको स्तरवृद्धि कार्यपालिकाको निर्णय न ११ बाट तथा निर्णय न १३ बाट मेडिकल अधिकृत सहित ८ जनाको पद श्रृजना कार्य भएको छ।आयोगको परामर्श बेगर स्तरवृद्धि गरी खर्च लेख्ने कार्यलाई निरुत्साहित गर्नु पर्दछ।

८ **योजनाको प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ५ वडाको लागि ८१ वडागत र ९५ पालिकास्तरका कुल १७६ योजनामा वजेट विनियोजन गरेको छ।

कार्यक्रमको नाम	सङ्ख्या	रु.२० लाख माथिका	रु.५-२० लाख सम्मका	रु.५लाख भन्दा कमका
पालिकास्तरीय	९५	१६	४८	३१
वडास्तरीय	८१	१	१०	७०
जम्मा	१७६	१७	५८	१०१

उपर्युक्त विवरणअनुसार पालिकाले १०१ साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न

उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले १७६ पारित गरेका उल्लेखित योजना मध्ये १५३ योजनामात्र कार्यान्वयन भई २३ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

९ कानुनी प्रावधान

९.१ **कानून कार्यान्वयन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ०६ वटा नियमावली, ७ कार्यविधि, १ मापदण्ड, २ निर्देशिका, १ आचारसहिता १ रणनीति लगायत २८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।यस बर्ष २८ वटा कानुन निर्माण भएको छ। साथै पालिकाले १ वटा कानूनहरु निर्माण गरी सभाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

९.२ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये झैझगडा सम्वन्ध विच्छेद अन्सबन्डाको मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ वटा र यो बर्ष थप भएको ३२ गरी कुल ३३ विवाद दर्ता भएकोमा २६ वटा मात्र फछ्र्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

९.३ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१० कार्यक्रम तथा अनुगमन

१०.१ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्येश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजन रु ४००१०००।०० भएकोमा रु.३९२४५००।०० खर्च गरेको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन्।

· प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन।

· प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरेको देखिएन।

· प्रधानमन्त्री रोजगार कार्यक्रम- २०८०।८१ मा सुचिकृत ४८५ जना रहेकोमा ६५ जनालाई औसत ९० दिन काम दिएको देखिन्छ।धेरै बेरोजगार व्यक्तिहरुलाई रोजगारी दिने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१०.२

अनुदानको अनुगमन– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न सहकारी संस्थालाई बिउपूँजी तथा अनुदानमा रु.५८६६५० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

११ सहकारी का प्रावधान

११.१ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण २० वटा दाखिला गरेको पाइयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत १२ लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

११.२ **सहकारी बचत तथा कर्जा सुरक्षण कोषः** सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरुको सहभागितामा संस्था हरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यावस्था रहेको छ । पालिकाभित्रका सहकारीहरुको सहभागितामा सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गरि नागरिकहरुको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरि कार्य गरेको पाईएन । तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वियनमा ल्याउनुपर्दछ।

११.३ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१२ अभिलेख प्रमाण

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८९४,७७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१३ जिन्सी

१.**जिन्सी व्यवस्थापन** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४८ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थामा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गराई महालेखापरीक्षकबाट स्विकृत ढाँचामा सम्पत्ती तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले जिन्सी निरीक्षण गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । जिन्सीमा जिन्सीसँग सम्वन्धित जनशक्ती राखेको छैन । लेखापरीक्षणको क्रममा माग भएका

अभिलेखीकरण गर्ने फारमहरु तयार नगरेको देखियो । यसबाट पालिकाको जिन्सीको यथार्थ अवस्था एकिन गर्न सकिने अवस्था रहेको देखिएन । कानूनमा भएको व्यवस्था बमोजिम अभिलेख तयार गरी पालिका र वडाको जिन्सी एकिकृत गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२. **जिन्सी निरीक्षण** : प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ४९ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा (PAMS) प्रविष्ट गर्न परिपत्र गरेको छ । साथै नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश गरेको छैन । जिन्सी निरीक्षण गराई विवरण अध्यावधिक गर्नुपर्ने देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका मालसामानको भुक्तानी गर्दा स्फेसिफिकेसन बमोजिम भए नभएको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।

१४ **अवण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष भैपरी आउने पुँजीगत खर्च २०००००० र पुजीगत परामर्स १३००००० जस्ता शीर्षकमा रु.३३००००० अबण्डा बजेट व्यवस्था गरेको पाईन्छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१५ **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फर्स्यौट गर्ने व्यवस्था रहेको छ। चालु आर्थिक वर्षमा सुवर्णपुर स्वास्थ्य चौकीको रु.१०००००। पेश्की बाँकी रहेको देखिन्छ । कानुन बमोजिम समयमा पेश्की फर्स्यौट गर्नुपर्ने देखिन्छ ।

पेश्की	१,००,०००

१६ **कर र शुल्क**

१६.१ **कर तथा शुल्क असुली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति यकिन गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१६.२ **१.सम्पति कर**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घर जग्गामा सम्पति कर लगाउने व्यवस्था गरिएको छ । आर्थिक बर्ष २०८०।८१ मा पालिकाले कुनैपनि सम्पती कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्रभित्र उठ्नुपर्ने एकिकृत सम्पती कर एकिन गरी असुल गर्नुपर्दछ ।

२.मनोरञ्जन कर: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले

कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

१६.३ **१.घर जग्गा बाहल कर**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ मा गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, ठहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बाहलमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बाहल रकममा बाहल कर लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०८०।८१ मा पालिकाले कुनै पनि घर जग्गा बाहल कर रु. १०,३९,०७४.७५संकलन गरेको छ । यस पालिकाको क्षेत्रभित्र उठ्नु पर्ने घर जग्गा बाहल कर एकिन गरी असुल गर्नुपर्दछ ।

२.व्यवसाय कर: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । पालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

१६.४ **राजस्व बक्यौता:** कार्यालयले सालवसाली रुपमा ऐनले तोके बमोजिम राजस्व असूल गर्नुपर्दछ । कार्यालयबाट कर संकलन हुन बाँकीको विवरण पेश भएन । करदाता शिक्षा लागु गर्ने कर प्रणालीलाई सरल र कर मैत्री प्रशासनको माध्यमबाट कर असूली कार्ययोजना बनाइ कर असूल गर्नुपर्दछ । संकलन हुन बाँकी बक्यौता कर रकम नगरपालिकाले प्रदान गर्ने सेवासग आबद्ध गरी गराइ तोकिएबमोजिम जरिवाना, शुल्क, दस्तुर समेत लिई संकलन हुन बाँकी कर रकम असूल हुनुपर्दछ । पालिकाले बक्यौताको लगत राखेको छैन । पालिकाले सेवाग्राहीले नगरपालिकाबाट सेवा प्राप्त गर्दाको बखत राजस्व बक्यौत्ता असुल गर्नुपर्दछ ।

१६.५ **१.सेवा प्रवाह र आम्दानी**: नगरपालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

२.बहाल विटौरी कर: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको ह्याट वजार वा पसल वा सरकारी जग्गामा वनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०८०।८१ मा पालिकाले कुनैपनि बाहल विटौरी कर संकलन गरेको पाइएन । यस पालिकाले आफ्नो क्षेत्रभित्र उठ्नुपर्ने बहाल विटौरी कर एकिन गरी असुल गर्नुपर्दछ ।

१७ आन्तरिक राजस्व तर्फ

१७.१ **आय अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२ करोड ४८ लाख २४ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०/८१ मा रु.४७,३०,०८८.३७ अर्थात अनुमानको १९.०५ प्रतिशत मात्र आय प्राप्त गरेको छ। न्यून आय प्रक्षेपण गरेको कारणले लक्ष्यभन्दा बढी राजस्व असूली स्थिति देखिएको छ । तसर्थ आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ।

१७.२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय

अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ। यर वर्ष केन्द्रिय अनुदानबाट रु. २८ करोड ८३ लाख खर्च भएकोमा पालिकाको आन्तरिक आय रु.४७ लाख ३० हजार ८९ रहेको छ । स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६४ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७.३ **राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धी आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमाअनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको एक मात्र बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन। अत:नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

१७.४ **आन्तरिक आम्दानी-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर,व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा गत तिन वर्षको असुलीको स्थिति पालिकाले आ.व.२०७८।७९ मा रु.३२०४४३३।, आ.व.२०७९।८०मा रु.४०३८४३७। र आव.२०८०।८१ मा रु.४७३००८९। आन्तरिक आय प्राप्त गरेको छ ।तिन वर्षको आन्तरिक आय हेर्दा अपेक्षित रुपमा वढ्न सकेको देखिएन । पालिकाको बढ्दो अवस्थामा रहेको आन्तरिक आयमा थप स्रोत पहिचान गरी बढाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

(विस्तृत विवरण बेरूजु दफा १७.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१७.५ **मुख्य करहरुको तुलनात्मक स्थितिः** पालिकाले करदाताको दायरा बढाई नयाँ राजस्व आर्जन हुने स्रोतको खोजी गर्दै राजस्व वृद्धि गर्नुपर्दछ । कार्यालयबाट प्राप्त आ.व. २०७९/८० र २०८०/०८१ को तुलानात्मक स्थिति निम्नानुसार रहेको छ ।

कर तथा राजस्वको श्रोतको अभिलेख	२०७८।७९ आय	२०७९/ ८० आय	२०८०।८१ आय
सम्पत्ति कर/ मालपोत कर	६१५५६४७.९९	१३९४४८०	१०४५०८७.७५
व्यवसाय कर	०	१५१९१५	३,०१,६००
बहाल कर	०	१२२६२१४	१०,३९,०७४.७५

उपरोक्त तथ्याकंको आधारमा अघिल्लो आ.व. भन्दा यस आ.व. मा कर रकममा कुनैमा बढोत्तरी भएको र कुनैमा घटेको देखिन्छ । पालिकाले नयाँ करदाता पहिचान एवं वृद्धि गराउदै करको दर भन्दा दायरा बढाउन ध्यान दिनुपर्ने, साथै राजस्वको प्रक्षेपित अनुमानलाई वस्तुनिष्ठ आधारमा लक्ष्य निर्धारण गर्नुपर्दछ ।

१८ आम्दानी र दाखिला

१८.१ **निरीक्षण नभएको-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा ह्रसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार पुर्ण रुपमा गरेको पाईएन । कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला गर्नपर्दछ ।

१८.२ **स्रेस्ता तथा अभिलेखः** पालिकाले आन्तरिक राजस्व तर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन। स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउनेघरभाडा दस्तुर, हाट बजार शुल्क, मर्मत सम्भार शुल्क, ढुङ्गा, गिट्टी बालुवा लगायतको दस्तुर, मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न् शीर्षकमा प्राप्त गरेको

आयको र खर्च भएको रसिदको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता अध्यावधिक नगर्ने तथा व्यवस्थित नगर्ने राजस्व शाखाका कर्मचारीलाई कानुन बमोजिम जिम्मेवार बनाई आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ। पालिकाले आन्तरिक राजस्व तर्फ म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता, म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व), म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शीर्षकगत खाता, म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता, म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता, म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता, म.ले.प.फा.नं.१०८- राजस्व आम्दानी बैंक नगदी किताब तयार गरेको पाइएन। तसर्थ राजस्वको श्रेस्ता र अभिलेख व्यवस्थित गर्नुपर्दछ।

१८.३ **१.एम्बुलेन्स तथा डोजर सञ्चालन**:स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३(३) मा न्युनतम दररेट निर्धारण प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकि सक्नु पर्ने व्यवस्था छभने दफा १४ मा पालिकाको कामकारबाही व्यवस्थित गर्न उपसमिति गठन गर्न सक्ने व्यवस्था छ । एम्बुलेन्सको आय व्ययको हिसाव नराखेको तथा डोजर सञ्चालन तथा कार्यगरेको नापी किताव तथा लगसिट नराखेको साथै कति आम्दानी तथा खर्च गरेको हो सो को हिसाव नराखेको देखिन्छ । हाल सम्म गरेको कार्य उपलब्धि सुन्य देखिएको छ । मात्र संकलन भएको प्रमाण पेश भएकाले कार्यविधि बनाई उपसमिती गठन गरी जिम्मेवार पुर्वक हिसाव किताव राखि सञ्चालन ल्याउनुपर्दछ ।

२.यन्त्र उपकरण सञ्चालन पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ । साथै एम्बुलेन्श संचालन वापत भएको आम्दानी तथा खर्च लेखापरिक्षण नगराएकोले सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाई संकलित राजस्व असुल गर्नुपर्दछ ।

क्र.सं.	सामानको विवरण	इन्धन लागत	जनशक्ति लागत	मर्मत लागत	आय	खर्च	वचत
१	एम्बुलेन्स ३	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको

१९ वडाको आम्दानी र दाखिला तर्फ

१९.१ **वडा तथा पालिका आम्दानी**: पालिकाले वडाहरुबाट राजस्व संकलन गर्दा सेवा प्रवाह र आम्दानीका आधरमा सेवा शुल्क तथा दस्तुर संकलन गर्नुपर्दछ । यो वर्ष कार्यालयबाट प्राप्त विवरण अनुसार रु.४४६५८०७ राजश्व संकलन भएको छ । यस बर्ष पालिकाक्षेत्र भित्रका ५ वटा वडाहरुले राजस्व संकलन गरेको प्रमाण पेश भएन । वडाहरुले राजस्व वापत कुनै पनि रकम संकलन गरेको छैन । सबै वडा बाट संकलित राजस्व यकिन गरी स्थानीय सञ्चित कोषमा आम्दानी बाध्नुपर्दछ ।

१९.२ **लगत अद्यावधिक गरी नराखेको:** पालिकाले राजस्व बक्यौताको अभिलेखहरुको अद्यावधिक गरी राखेको देखिएन। अभिलेख नरहेकोले गत विगतमा के कति राजस्व बक्यौता रहेको विषयमा यकीन हुन सकिएन । पालिकाले गत विगतसहितको राजस्व बक्यौता अभिलेख अद्यावधिक गरी राजस्वको अभिलेख चुस्त दुरुस्त बनाउनुपर्दछ ।

१९.३ **राजश्व दाखिला:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी

समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन व्यवस्था छ । कार्यालय अन्तर्गत ५ वटा वडा कार्यालयले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन। पालिका अन्तर्गत रहेका विभिन्न वडा कार्यालयलहरुले आम्दानी भएको राजस्व रकम पाक्षिक वा मासिक रुपमा मात्र बैंक दाखिला गर्ने गरेको देखिन्छ। यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । पालिकाले पालिका र सम्पुर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैँकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ। पालिकाले १ वडा सचिवको दाखिला गर्न बाँकी रु.१७५४८१।अन्यको समेत यकिन गरी जरिवाना सहित असुल गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा १९.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	१,७५,४८१

१९.४ **सिफारिस संख्या र नगदी रसिद संख्या बिच फरक:** पालिकाको आर्थिक ऐन, २०८० अनुसार सिफारिस प्रकृतिअनुसार विभिन्न दरमा सिफारिस दस्तुर लिने व्यवस्था छ। लेखापरीक्षणको क्रममा वडाहरुले राखेको चलानी किताबमा सिफारिसको संख्या र नगदि रसिद काटेको संख्याको परिमाणमा फरक देखिएकोले पालिका तथा राजश्व शाखाले थप बिश्लेषण गरी वडा कार्यालयले दस्तुर लाग्ने सिफारिस वापत दस्तुर लिईएको हो होईन सम्बन्धि यकिन गर्नुपर्ने अवस्था रहेको छ । पालिकाले यकिन गरी सत्यतथ्य जाँच गर्नुपर्ने देखिन्छ ।

२० **ईन्धन खर्च:**

पालिकाले गापाको साधन प्रयोग गरी सडक स्तरोन्नतीका लागि पुँजीगत शिर्षकमा रु.८४ लाख ५२ हजार खर्च गरेको छ । पालिकाले यस वर्ष सडक स्तरोन्नती कार्यका लागि नेपाल आयल निगमको औषत १६०का आधारमा गणना गर्दा ५२८२५ घन्टा डोजर प्रयोग गरेको छ । सडक विभागको २०७७।१२।२५ को ईक्युप्मेन्ट हायरिङ्ग नम्स बमोजिम १ घण्टा डोजर प्रयोग गर्दा माटो काट्ने लगायतका कार्यका लागि १४.१४ लिटर खपत गर्ने देखिन्छ । यसको आधारमा यस वर्ष ३७५५.५६ घण्टा डोजर प्रयोग गरेको देखिन्छ । जसलाई ३६५ दिनले हिसाव गर्दा दैनिक १० घण्टा २३ मिनेट काम गरेको देखिन्छ । पालिकाले निम्न लिखित भौचर परिक्षण गर्दा लगबुक बनाएपनि लगबुकमा निर्माण कार्यको यथार्थ अवस्था देखिनेगरी लगबुक नराखेको, निर्माण कार्यको ईन्धनको लागत अनुमान नगरेको, ईन्धन खर्चका लागि कामको आदेश दिएको नदेखिएको, वडा र पालिकाको लगत अध्यावधिक नभएको, विलको पछाडि निम्न ठाँउको निम्न स्थानको भनि राखेपनि यथार्थ देखिने नभएको, निर्माण कार्यको अवस्था यकिन नभएको, भुक्तानीको सपोर्टिङ्ग खुलन नसकेको देखिन्छ । पालिका र वडाहरुमा भएको खर्च नियमित मान्न सक्ने अवस्था रहेन । यस सम्बन्धि परीक्षण गरिएका भौचरमा देखिएका व्यहोरा निम्न छन:

१.गो.भौ.नं २।८१।६।४ मा सडक स्तरोन्नती र सवारीमा प्रयोग गरेको भनि नेवा आयल स्टोरलाई रु.१७४३१६७। भुक्तानी गरेको छ । जसमा २०८१।५।३० मा १७९९लि., २०८०।४।३० मा २६०३ लि, २०८०।५।१४ मा ६२९४ लि गरी १०६९६ लिटर खपत भएको भनि भुक्तानी गरेको छ । ईन्धनको अध्यावधिक अवस्था खुल्ने कागजात राखेको छैन। जसमा नम्स बमोजिम डोजर ७५७ घण्टा चलेको देखिन्छ । ६० दिनमा दैनिक १३ घण्टा सडक मर्मत गरेको यकिन गर्न सकिएन । सडक यति घण्टा मर्मत गरेको भनेपनि यकिन गर्न सकिएन। पालिकाले कानुन बमोजिम जिन्सी व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

२.गो.भौ.नं१६।८१।७।३ मा २६१९ लि प्रयोग गरेको भनि नेवा आयल स्टोरलाई रु.४४८५०४। भुक्तानी गरेको छ । जसमादिनको ७ घण्टा चलेको देखिन्छ । पालिकामा दिनको ७ घण्टा चलेको आधार पेश भएन । पालिकाले यकिन गर्नुपर्ने देखिन्छ ।

३.यसैगरी मंसिरमा रु.५२३९४४।, पौषको रु.८१२५१०।, माघमा रु.६११०४३।, फाल्गुनमा रु.७४७१८२।, चौत्रमा रु.७९५४७७।, जेठमा रु.४४६५७७, असारमा रु.२४५७८०।, अन्य असारमा रु.५८०१६०। पुँजीगत शिर्षकबाट खर्च गरेको छ । पालिकाले सडक मर्मतको आवश्यक नम्स पालना, मापदण्ड, लगबुक, कार्य सम्पन्न लगायतका कार्य नगरी गरेको खर्च नियम सम्मत मान्ने आधार देखिदैँन । पालिकाले यथार्थ अवस्था आंकलन गर्ने गरी खर्च गर्नुपर्ने देखिन्छ ।

४.ईन्धन पदाधिकारी र कार्यालय प्रायोजन: पालिकाले यस वर्ष ईन्धन कार्यालय प्रायोजन र पदाधिकारीमा २७ लाख बजेट व्यवस्था गरी २६ लाख ९६ हजार र सडक स्तरोन्नती तर्फ रु. ८४ लाख ५२ हजार गरि रु.११९४८०००। खर्च गरेको छ । पालिकाले ईन्धनको मापदण्ड बनाई प्रायोजन खुल्ने गरी खर्च यकिन गर्नुपर्ने देखिन्छ ।

५.परिक्षण गरीएका भौचरमा कुनै पनि सवारी साधनको लागि इन्धनको मासिक मापदण्ड तयार नगरेको, सवारी लगबुक नभरेको, कुपन समेत खाली रहेको, कुपन नभरेको, सवारी साधन प्रयोगको लगबुक राख्ने नगरेको र इन्धन खपत स्वभाविक समेत नदेखिएकोले इन्धन खर्च मितव्ययी र उपयुक्त रहेको छ भन्ने सम्बन्धमा सुनिश्चित हुने स्थिति देखिएन । यस्तो कार्यमा सुधार गरी खर्च यकिन गर्नुपर्ने देखिन्छ ।

६.पालिकालेले इन्धनको माग फारम PAMS प्रणालीमार्फत् प्रदान गर्नुपर्नेमा सोअनुसार गरेको पाइएन । अभिलेख नराखेकोले कुन सवारी साधनमा कति इन्धन खर्च भएको सम्बनधमा यकीन हुन सकिएन । PAMS बाट इन्धनको अभिलेख र लगबुक व्यवस्थित गरेर मात्र ईन्धन खर्च लेख्नुपर्ने तथा खर्चको व्यवस्थित अभिलेख राख्नुपर्दछ । अत: इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगबुक राखेर PAMS प्रणालीमार्फत् माग फारम स्वीकृत गर्ने र खर्च लेख्नेतर्फ आयोगको ध्यान जानुपर्ने देखिन्छ ।

७.इन्धन आपूर्तिकर्ताले नेपाल आयल निगमबाट तोकिएको दरमा इन्धनको बिल जारी गर्नुपर्नेमा सो अनुसार नगरी लामो अवधिको एकैपटक बिल जारी गरेको र सोही अनुसार भुक्तानी भएकोले सम्बन्धित अवधिको तोकिएको दर भन्दा बढी दरमा भुक्तानी हुन सक्ने देखिन्छ । यस सम्बन्धमा थप विश्लेषण गरी बढी भुक्तानी भएको अवधिको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२१ **इन्धन खर्चः-**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार १६ थान मोटरसाईकल, १ थान स्कुटर, ट्रिपर २ थान, लोडर २ थान, एम्वुलेन्स २ थान, पिकअप १ थान, रोलर १ थान र ब्याकहो लोडर २ थान रहेकोमा इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.१९९६३१८। इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

२२ **अनुगमन भत्ताः-**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ८ मा पदाधिकारीहरुले बढिमा मासिक ३ वटासम्म बैठक भत्ता पाउनसक्ने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुको सुविधा भुक्तानी गर्दा एकमुष्ट गणना नगरी मासिक सुविधामा ३ वटा अनुगमन तथा अन्य भत्ता पटक पटक भुक्तानी गरेको देखियो । साथै पालिकाको कर्मचारीमात्र रहने बैठकमा अनुगमन भत्ता प्राप्त गर्ने विद्यमान कानुनी व्यवस्था देखिदैन । गो.भौ. नं. १९७ – २०८०-०९ २६ बाट पालिकाका पदाधिकारी तथा कर्मचारीहरु उपस्थित रहने धानबालीमा लागेको रोग तथा किराहरुको निरीक्षण तथा अनुगमनमा वडा नं. १–४ सम्ममा ८ पटक सम्म र गो.भौ. नं. २७९ – २०८०-११ १९बाट पालिकाका पदाधिकारी तथा कर्मचारीहरु उपस्थित रहने योजना अनुगमन समितिमा रहि विभिन्न योजना अनुगमनमा ८ पटक सम्म खटिएबापत 10 पदाधिकारी तथा कर्मचारीहरुले अनुगमन भत्ता भुक्तानी गरेको रकम रु.६७५००। कानुनसम्मत नदेखियकोले असुल हुनुपर्ने देखिन्छ ।

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	६३,०००

२३ **विविध खर्चः-**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षकमा रु.५१४०७३१। बजेट व्यवस्था गरेकोमा रु.५१२४८९९। खर्च गरेको छ । उक्त खर्च अन्तर्गत अधिकाशं खर्च होटलको बिल पेश हुने गरेको, बिलमा सयौको सङख्यामा लन्च वक्स, मासु चिउरा, पानि, कफि नास्ता लगायत खाजा खानाको बिल पेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ । यसका केहि उदाहरणहरु देहायानुसार छनः

क) भौचर नं. २८-२०८०।६।२४ बाट खाना सेट, खाजा सेट, दुध चिया, कालो चिया, विस्कुट लगायत अन्य खाजा खर्च विल मात्र समावेश गरी बिजय कुमारी खाजा घर (६१९९१८७९०) लाई १५१७९० र भौचर नं. ३४६-२०८०।१२।३० बाट रु १०४३८५ गरी कुल रु २५६१७५। विल विजकको आधारमा मात्र भुक्तानी गरेको छ ।

ख) औभौचर नं. ४५५-२०८१।३।१४ विभन्न बिषयगत समितिमा उपस्थित व्यक्तिहरुको खाना सेट १४२ वटा रु २५० को दरले र खाजा सेट ३४५ सेट लगायत दुध चिया, कालो चिया, विस्कुट, सलाद आदि समावेश गरी पब्लिक खाजा घरलाई रु १०४९५५। भुक्तान गरेको छ। उक्त समितिमा उपस्थिति सदस्यको प्रमाण तथा खर्च भर्पाई नखुलाई विजकमात्र समावेश गरेकोले उपस्थित सदस्य तथा खर्च प्रयोजन पुष्टि हुने प्रमाण कागजात देखिएन। । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । यस्तो कार्यमा सुधार गरी प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात समावेश गरी खर्च लेख्नुपर्दछ ।

२४ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्चः-**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड ख बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गाँउपालिका चालूतर्फ रु २५०००००।बजेट व्यवस्थापन गरी रु २४१८३०१।खर्च गरेको देखियो । उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन । साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु ७२५५०। बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन । पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ । त्यसैगरी सूचना प्रकाशन खर्चमा यस वर्ष भौचर नं. २०, २४, २५५, ३३५, ४४८, ५४० र ५४२ बाट रु १३९२३८०। खर्च भएको छ । उल्लिखित भौचरहरुबाट टेण्डर सूचना प्रकाशन भएकोमा २५ प्रतिशत छुट प्राप्त गरेको देखियो। भौचर नं. २० बाट पर्सा दर्पण साप्ताहिकलाई भुक्तान गर्दा छुट लिएको देखिएन। गोरखापत्र संस्थानले समय समयमा सूचना प्रकाशन गरी सरकारी निकायलाई विशेष छुट दिने व्यवस्था गरेकोमा यस जिल्लामा ४० प्रतिशतसम्म छुट पाएको देखएको छ । प्राप्त हुनुपर्ने छुट प्राप्त नगर्दा पालिकालाई थप व्ययभार परेको देखिन्छ । यस्तो कार्यमा सुधार गरी मितव्ययी हुनुपर्दछ ।

२५ **सम्पत्तीको मर्मत तथा अभिलेखः-**

नेपालको सरकारी लेखा फारम (म.ले.प.फारम) ४१४ मा मर्मत आवेदन तथा आदेश फारम ४१४ क मा मर्मत सम्पन्न फारम तथा ४१५ मा मर्मत अभिलेख खाता फारमको व्यवस्था गरेको छ । कुनै सवारी साधन वा अन्य सम्पत्ती मर्मत गर्नुपूर्व मर्मत आवेदन तथा आदेश फारम भरी यसभन्दा अघि भएको मर्मत खर्च, बजेटको उपलब्धता विश्लेषण गरि स्विकृत गराएर मात्र मर्मत आदेश दिनुपर्दछ ।

उक्त सम्पत्ती मर्मत गर्न स्वीकृत भएपछि सो बमोजिम भएको मर्मत कार्यको जाँच गरि भुक्तानी गर्न तथा मर्मत खर्च अभिलेख राख्न मर्मत सम्पन्न फारम भर्नुपर्दछ । मर्मत सम्पन्न भएका सम्पत्तीहरुको अभिलेख मर्मत सम्पन्न फारम अनुसार छुट्टाछुट्टै राख्नु पर्दछ । पालिकामा रहेका अन्य सवारी साधन, स्थिर सम्पत्तीको अभिलेख पालिकाले उपलब्ध गराएको छैन । जिन्सी निरीक्षण, जिन्सी निरीक्षण प्रतिवेदन लेखापरीक्षण क्रममा माग गर्दा पेश हुन आएन । पालिकाले यस वर्ष सवारीसाधन मर्मत खर्च शिर्षक २२२१३ मा रु ३५०००००। लाख बजेट विनियोजन गरी रु ३४५३०७०। खर्च गरेको छ ।

क) भौचर नं. १५५-०८०।०९।१० मा यस आर्थिक वर्षको भुक्तानी रहेको ना १ ख १२८४ को मर्मत ३९ वटा सामान फेरेको विजकको आधारमा रु.२५४४७५ भुक्तानी दिएको छ । मर्मत अभिलेख राख्नुपर्ने सम्पत्तीको इन्जिन नं., मर्मत गर्ने सम्पत्तीको स्पेशिफिकेशन, यस अगाडी गरिएको मर्मत मिति र रकाम तथा मर्मत गरिएको सामानको वारेण्टी लगायतका विषयहरु समावेश गरी भुक्तानी माग भएको देखिदैन ।

ख) चालु भौचर नं. ४१२-०८१।०२।०२ बाट सावरी साधन मर्मत खर्च रु ३१३५२७।खर्च शिर्षक नं २२२१३ बाट विभिन्न समयमा backhoe loader ना १ ग ७५२, jcb 30x backhoe loader, Ambulance ना १ झ ९४५, Ambulance प्र २-०३-००१ झ – ००४ र Yodha ००१ झ ००७५ को भुक्तानी भएकोमा माग फारम मलेप फारम नं ४१४ बमोजिम मर्मत गर्ने सम्पत्तीको पहिचान, इन्जिन नं., प्रयोग गर्ने व्यक्ती विगतमा मर्मत गर्दाको अभिलेख भिडान, मर्मत गर्ने सम्पत्तीको मर्मत गर्नुपर्ने कारण खुलाई स्विकृत गर्ने अधिकारीबाट आदेश प्रमाणीत गरी मर्मत गरेको विवरण समावेश देखिदैन ।

ग) चालु भौचर नं. २७५ र २७६-०८०।११।१९ बाट सावरी साधन मर्मत खर्च जम्मा रु २१९०२३। विजकको आधारमा मात्र भुक्तानी भएकोमा मलेप फारम नं ४१४, ४१४क र ४१५ बमोजिम मर्मत गर्ने सम्पत्तीको पहिचान, इन्जिन नं., प्रयोग गर्ने व्यक्ती विगतमा मर्मत गर्दाको अभिलेख भिडान, मर्मत गर्ने सम्पत्तीको मर्मत गर्नुपर्ने कारण खुलाई स्विकृत गर्ने अधिकारीबाट आदेश प्राप्त गरी मर्मत गरेको विवरण समावेश देखिदैन ।

परीक्षण गरेको उक्त भौचरमा मर्मत खर्च पूर्व तथा मर्मत सम्पन्न पश्चात गर्नुपर्ने कार्यहरु नगरेको अन्य भौचरमा पनि गरेको छ भन्ने सकिने आधार देखिदैन । यसबाट कार्यालयको सम्पत्ती नै मर्मत गरेको/नगरेको, आर्थिक वर्षको अन्तमा खरिद भएर पुन आर्थिक वर्षको सुरुवातमा खरिद नभएको, वास्तविक मर्मत भएको/नभएको, सम्पत्तीको समयमा मर्मत गरी प्रभावकारी प्रयोगमा ल्याएको/नल्याएको, मर्मत सम्पन्न भएपश्चात मर्मत कार्यको जाँच गरी भुक्तानी भएको/नभएको जस्ता पक्षहरु स्पष्ट भई खर्च प्रभावकारी भएको छ भन्न सकिने अवस्था देखिएन । नेपालको सरकारी लेखा फारम बमोजिम मर्मत आवेदन तथा आदेश फारम ४१४, मर्मत सम्पन्न फारम ४१४क र मर्मत अभिलेख फारम ४१५ तयारी गरी विवरण पेश गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	७,८७,०२५

२६ **महसुल भुक्तानीमा जरिवानाः-**

सार्वजनिक खर्च मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को नियम १५ मा कुनैपनि निकायले पानी विजुली लगायतको महसुल समयमा भुक्तानी दिनुपर्ने र महसुलमा विलम्व जरिवाना भुक्तानी गर्न नमिल्ने व्यवस्था छ। नमुना छनौटको आधारमा परीक्षण गरिएको भौचर नं. २६९ बाट ३९१४६७। विल रकमको थप जरिवाना वापत रु ७५५५६। भुक्तानी गरेको छ। पालिकाले भुक्तानी दिनुपर्ने विद्युतको महशुल समयमा भुक्तानी नगर्दा पालिकालाई थप व्यय भार परेकोले समयमा विल महुल भुक्तानी गर्नुपर्दछ।

२७ **पालिका तर्फको औषधि खरिदः-**

पालिकालाई आवश्यक पर्ने औषधिमध्य पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक रुपमा आवश्यक्ताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपुर्ति हुने औषधि वा अन्य सामनमा उत्पादन मिति, व्यच नम्वर, आपर्तिकर्ता, उत्पादक कम्पनीको नाम, औषधिको म्याद सकिने मिति, नि:शुल्क वितरण लगायत अन्य सुचना रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि २ वर्ष बाँकी हुनुपर्दछ । भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनु पर्दछ । यस वर्ष पालिकाले एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र

ब्याख्याको खर्च संकेत २७२१३ मा रु ४४९७४०६ वजेट विनियोजन गरी रु ३६७६९४१ खर्च गरेको छ । गो भौ नं ४६५-२०८१-०३-१५ मा रिदान मेडि सन्सर्नलाई विभिन्न २७ प्रकारको औषधि खरिद गरेवापत रु ९९९६०५ भुक्तान गरेको देखिन्छ। यसमा पालिका औषधि खरिद आवश्यक्ताको पहिचान गरेको छैन, लागत अनुमान तयार गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ती समेत गरेको देखिएन। आपूर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा उल्लिखित सूचना पूर्ण रुपमा रहेको भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२८ **वडा सञ्चालन खर्च :-**

पालिकामा प्रमुख प्रशासकीय अधिकृतले वडा सचिवलाई खर्च गर्न अख्तियारी नदिएको अवस्थामा वडा कार्यालयमा हुने खर्चको भुक्तानी पालिकाबाट मात्र हुनुपर्ने नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएपछि पदाधिकारीले खर्च गर्न नपाउनेमा यस वर्ष वडा नं १ देखि वडा नं ५ सम्म प्रशासनिक खर्चमा एकमुष्ट बजेट व्यवस्था गरी खर्चको बिल भरपाई पेश गरेको आधारमा वडा सचिव र वडा अध्यक्ष आँफैको सिफारिसमा वडा खर्चको भुक्तानी गरेको पाइयो । पालिकाले वडा सञ्चालन खर्च शीर्षकबाट ५ वडा कार्यालयहरुले रु.११९४८०८। खर्च गरेकोमा नमूना छनौट गरी परीक्षण गर्दा प्रयोजन नखुलाई खाजा खानाको बिल, मर्मत, पत्रपत्रिका, वोरिङ्ग मर्मत, रिचार्ज बिल, संलग्न गरेको बिल बेगर एकमुष्ट खर्च शीर्षकको रकम माग गरेको आधारमा पेश गरेको बिल भन्दा घटी रकम भुक्तानी गरेको देखिन्छ । यस्तो खर्च पालिकाबाट समेत भएको हुँदा दोहोरो नपर्ने गरी अभिलेख राखेको देखिएन । त्यस्तै वडा सञ्चालन खर्च शीर्षकबाट मसलन्द तथा कार्यालय सामान, विविध, सवारी साधन मर्मत, ज्यालादारी, संचार, इन्धन लगायतका खर्चहरु गरेको देखिन्छ । वडा सञ्चालन खर्च बापत विनियोजन हुने रकमलाई आर्थिक संकेत वर्गिकरण तथा व्याख्या बमोजिम रकम विनियोजन गरी सोही बमोजिम खर्चको लेखाङ्कन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

२९ **कार्यालय सामान खरिद र प्रयोगः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा बार्षिक खरिद योजना तयार गर्नुपर्ने र खरिद आवश्यकता पहिचान, खरिद विवरण, परिमाण र क्षेत्र यकिन गरि खरिद योजना तयार गर्ने तथा खरिद लागत तयार गर्नुपर्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र ब्याख्याको खर्च संकेत २२३११ को खर्च शिर्षक मसलन्द तथा कार्यालय सामाग्रीमा यस वर्ष रु. ६५०८०००। बजेट व्यवस्था गरी रु ६४७६३१४। खर्च गरेको देखियो । सार्वजनिक खरिद कानून विपरित खरिद योजना नबनाइ पटक पटक र कर्मचारीहरुले आफुअनुकुल बजारमा गई समानहरु खरिद गर्ने गरेको देखियो । उक्त रकमको खरिद कार्य गर्दा नियमानुसार बोलपत्रको माध्यमबाट खरिद नगरी पटक पटक सोझै खरिद गर्ने गरेको देखिन्छ । सामान खरिद गरी ल्याएपछि नापजाँच गरी जिन्सी खातामा आम्दानी जनाई ति सामान प्रयोगकर्ता कर्मचारीहरुको माग फारामको आधारमा जिन्सी खाताबाट खर्च जनाउनुपर्नेमा कतिपय सामानहरु जिन्सी आम्दानी नजनाउने, माग फाराम स्विकृत नगर्ने, माग फारामहरु व्यवस्थित नराख्ने, जिन्सीबाट माग फारामको आधारमा खर्च नघटाई जिन्सी खातामा पुरै मौज्दात देखाउने, बर्षान्तमा खर्च नभएको सामानको मौज्दात विवरण तयार नगर्ने, जिन्सी निरीक्षण तथा मौज्दात परीक्षण नगरेको स्थिति देखियो । खरीद भएका सामानहरुको अभिलेख तथा प्रयोगको अवस्था सम्बन्धमा जिन्सी खाताबाट यकिन गर्ने स्थिति देखिएन ।

कार्यालयमा पाम्स सफ्टवेयर लागू भएतापनि परीक्षण गरेका भौचरबाट खर्च भएर जाने र खर्च भएर नजाने रजिष्टर खरिद गरेको छ । प्रिन्टर, टोनर, फोटोकपी पेपर, कार्टीज लगायतका सामानहरु अस्वभाविक देखिने भएकोले कार्यालयले यस सम्वन्धमा आवश्यक परीक्षण गरी खर्च यथार्थता एकिन गर्नुपर्दछ । खरिद गरेका सामानहरुको भण्डारण, प्रयोग र मौज्दातको अवस्था तथा सोको अभिलेख प्रणाली कमजोर देखिन्छ । अत उल्लिखित भौचरहरुको सम्बन्धमा माग फारम, खरिद आदेश फारम तथा स्विकृती र जिन्सी दाखिला लगायतको फारमहरु प्रमाणित गरी अभिलेद राख्ने कार्यमा कार्यालयले सुधार गर्नुपर्दछ।

३० **फरक शीर्षकबाट खर्चः-**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने व्यवस्था छ। एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा व्यवस्था भएबमोजिम खर्च शीर्षकको आधारमा

खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ।यस सम्बन्धमा देहायअनुसारको खर्च शीर्षक फरक गरी खर्च गरेको नियमसम्मत नभएकोले रु.७०६०१०। नियमित गर्नु पर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ३० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	७,०६,०१०

३१ अन्य निकायबाट कार्यक्रम संचालन:-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्ना कर्मचारिबाट हुने कार्य कोटेशन माग गरी एकै प्रकारका कार्यहरु पनि फरक फरक संस्थासँग सम्झौता गरी खर्च लेखेको छ । यस्तो कार्य गराउदा सार्वजनिक खरिद कानून बमोजिम विभागीय नर्म्स, जिल्ला दररेट जस्ता आधारभुत विषयलाई आधार लिई लागत अनुमान तयार नगरी फर्मले पेश गरेको दररेटको आधारमा सम्झौता गरेको देखियो । पालिकाले कर्मचारीलाई नियमित तलव भत्ता भुक्तानी गर्ने र निजहरुले गर्नसक्ने कार्य बाह्य संस्थाबाट गराउदा मितव्ययी हुन सक्ने देखिदैन । अन्य संस्थाबाट कार्य गराउनुपर्ने कारण उल्लेख गरेको छैन । यस्तो कार्यमा सुधार गरी खर्च मितव्ययी बनाउनुपर्दछ । उल्लेखित खर्च मितव्ययी रहेको छ तथा विद्यमान नर्म्स बमोजिम रहेको छ भन्न सकिने अवस्था नरहेकोले नियमित हुनुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ३१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	१७,७५,७९५

३२ बैठक भत्ताः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्चसंग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.न.३९४.२०८०।१२।२४ बाट श्री विभिन्न कर्मचारीहरुलाई बैठक भत्ता वितरण बापत रु.१०५०००। र गो.भौ.न.४१८.२०८१। ०२।१० बाट रु.३०१५००। गरी कुल रु.४०६५००। भुक्तानी गरेकोमा मुल्याङ्कन समितिको बैठकमा ११ जना कर्मचारीहरुलाई बैठक भत्ता वितरण गरेको छ। पालिकाले मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका २०८० अनुसार उपसचिव/अधिकृत नवौं तहका कर्मचारीको उपस्थितिमा हुने बैठक भत्ता दर रु.१०००। का दरले भुक्तानी गर्नुपर्नेमा रु.१५०० का दरले वितरण गरेको देखिएकोले ९ जनाको हुने रु. ४५५००। असुल गर्नुपर्दछ ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	४५,५००

३३ अनुत्पादक खर्च:-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न कार्यक्रमका लागि विभिन्न संस्था र व्यक्तिलाई रु.१४०३३५०। भुक्तानी दिएको छ। लाभग्राही छनौटको आधार, लाभग्राहीको प्रमाणित भरपाई तथा लाभग्राहीहरुको विवरण, लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत विवरण पेश भएको छैन।साथै संचालन भएका कार्यक्रमहरुको होटल विल विजक तथा पेट्रोल एवं डिजेल विल भर्पाईको आधारमा भुक्तानी गरेको छ। पालिकाको आन्तरिक आय न्युन रहेको र संघ तथा प्रदेश माथि बजेट तथा अनुदानका लागि पुर्ण निर्भर रहेको अवस्थामा वित्तीय समानीकरणबाट प्राप्त रकम सार्वजनिक सेवा, जनजिविका र विकास निर्माणका

कार्यमा खर्च गर्नुपर्नेमा यस्ता किसिमका अनुत्पादक तथा वितरणमुखी काममा खर्च गर्नु उचित देखिंदैन। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका केहि उदाहरण निम्नानुसार छन्:

(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३४ **आर्थिक सहायताः-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। नमुना छनौटको आधारमा परीक्षण गरिएको केही भौचरहरुको आधारमा पालिकाले आर्थिक सहायता प्रयोजनको लागि यस वर्ष बजेट, कानुन र स्पष्ट मापदण्ड एवं कार्यविधिको पालना नगरी देहायबमोजिमको ब्यक्ति तथा संघ संस्थाहरुलाई आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३५ **पारिश्रमिक करः-**

आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर योग्य आयमा पहिलो १ लाखमा १० प्रतिशत त्यस पछिको २ लाखमा २० प्रतिशत र ७ लाख ५० हजार देखि २० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । कुनै आय वर्षमा ऐनको दफा ५० बमोजिम छनौट गर्ने कुनै दाम्पतीको करयोग्य आयमा अनुसुची १ को उपदफा (४) र (४क) बमोजिम पहिलो २ लाखमा १० प्रतिशत त्यस पछिको १ लाखमा २० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ। पालिकाका देहायका कर्मचारीहरुको बार्षिक तलब भत्ता, प्रोत्साहन भत्ता तथा अन्य सुविधा बापतको रकममा देहाय बमोजिम ५ कर्मचारीको पारिश्रमिक कर रु.३५१०६। दाखिला गरेको नदेखिएकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१२,२४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **३,८९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३५,१०६

३६ **ईन्धन पदाधिकारीः-**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा बनेको ऐन, २०७७ को दफा ४ मा पदाधिकारीहरुलाई सम्बन्धित स्थानीय तहले सवारी साधन वा अनुसुचि बमोजिमको मात्र देहायको सुविधा दिने व्यवस्था उल्लेख गरेको छ । पालिकाको पदाधिकारीहरुलाई थप यातायात सुविधसम्बन्धी कानुनी व्यवस्था नरहेको हुँदा कार्यपालिकाको मिति २०८०।४।३२ को निर्णयबाट २६ पदाधिकारीहरुलाई विभिन्न दरमा थप इन्धन सुविधा दिएको रु.८७९७५०। कानुन सम्मत देखिएन । पालिकाले यकिन गरी असुल गर्नुपर्दछ ।

सोहि मितिको निर्णयको बमोजिम सघीय निकाय प्रहरी चौकी / विओपि ४ चक्के गाडी प्रति महिना ३० लि डिजेल र प्रहरी चौकी / विओपि २ चक्के मोटरसाईकल प्रति महिना २० लि पेट्रोल दिने निर्णय गरेको देखिन्छ । संघीय निकायका युनिटहरुलाई कार्यापलिकाले इन्धन सुविधा दिन मिल्ने कानुनी व्यवस्था नरहेकोले यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	८,५९,०५०

३७ **भ्रमण खर्चः-**

भ्रमण खर्च नियमावली, २०६४ को दफा १८ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी प्रतिवेदन साथ आवश्यक बील भर्पाइ सम्बन्धित कार्यालयमा पेश गरेपछि मात्र भ्रमण भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष भ्रमण खर्च शिर्षक २२६१२ मा रु २०८००००। बजेट विनियोजन गरी रु

१८८६३३५। खर्च लेखेको छ। उक्त खर्च लेख्दा सम्बन्धित पदाधिकारी वा कर्मचारी भ्रमणमा जानुपर्ने औचित्यता, भ्रमण प्रयोजन, भ्रमण उदेश्य तथा भ्रमण पश्चात भ्रमण प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन । भ्रमण तथा अनुगमन भत्ता भुक्तानी दिदा भ्रमण प्रतिवेदन समावेस गरेरमात्र खर्च भुक्तानी दिने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ ।

३८ **डोर हाजिरी :-**

पालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म ले प फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारमहरु को कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेश भएका डोर हाजिर अधिकांशमा ल्याप्चे छाप मात्र रहेको, सम्बन्धित सुपरभाइजर, उपभोक्ता वा पालिकाबाट प्रमाणित समेत हुने गरेको छैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण अभिलेख खाता राखी मागफारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भएनभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्थामा पालिकाले सुधार गर्न ध्यायन दिनुपर्दछ ।

३९ **इट्टाको प्रयोग** –

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्विकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नु पर्ने व्यवस्था छ। यस केन्द्रले भवन निर्माण, पर्खाल निर्माण भवन विभागको नर्मस ग-c2 गारो लगाउने काममा इटाको सख्या राख्दा साइज अनुसारको अडकल गरि थपघट गर्न मिल्ने व्यवस्था छ । पर्सा जिल्लाका निर्माण कार्यमा प्रयोग हुने इट्टाको साइज नर्म्स भन्दा ठूलो साइजमा हुने भएकाले सोहि अनुसार (२३*११.५*६.५से मि) थप १० एम एम मोर्टार समेत गणना गर्दा प्रति घनमिटर ४७५ देखी ५०० गोटा लाग्नेमा ईट्टाको साईज नहेरी नर्म्समा दिएको प्रति घनमिटर ५३० वटा ईटा लाग्ने गरी लागत अनुमान तयार पारी ३० ईट्टाको थप भुक्तानी हुने गरेको देखिन्छ । निर्माण ब्यवसायीहरुले पेस गरेका बिलमा विभिन्न दरले भुक्तानी भएको देखिन्छ । नर्म्समा भएको ब्यबस्था अनुसार ईट्टाको साइज बमोजिम प्रतिघनमिटर ३० का दरले ईट्टा बढि प्रयोग गरेको देखिन्छ । लागत अनुमान तयार गर्दा तथा मुल्याँकन गर्दा स्थानिय सामाग्री नाप साइज अनुसार गर्ने व्यवस्था हुनुपर्दछ । स्थानीय इट्टाको साइज अनुमान नगरी गरेको कारण पर्सा जिल्लाको दर रु.१४ का दरले विभिन्न योजनाको हुने रु.५२१९५१। बढी भएकोले आगामी दिनमा उपलब्ध सामाग्रीको नापजाँच गरी वास्तविक साइज अनुसार भुक्तानी नगरेको बढी देखिएको रु.

(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	१,५४,८०४

४० **कार्यसम्पन्न प्रतिवेदन पेश नभएको:**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **७५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४१ **प्रमाण पेश:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गैर आवसीय भवन निर्माण/खरिद शिर्षकबाट देहायका विद्यालयलाई पंखा, सेतो पाटी लगायतका सामानहरु खरिद गरी वितरण गरेको देखियो । विद्यालयहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम मसलन्द खर्च लगायतका खर्चको लागि सशर्त शिर्षकबाट बजेट व्यवस्थापन भई पालिकाले निकास गरेको छ । उस्तै प्रकारको खर्चको लागि पालिकाले थप सामान खरिद गर्नुको कारण र प्रमाण संलग्न राखेको देखिएन । यसका साथै पालिकाले निकासी गरेको प्रमाण राखेको भएतापनि सम्वन्धित विद्यालयले आम्दानी गरेको प्रमाण (दाखिला, हस्तान्तरण फारम, प्राविधिक विल) संलग्न राखेको नदेखिएकोले पालिकाले अनुगमन गरी दाखिला गरी सामान उपयोगको अवस्थाको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

(विस्तृत विवरण बेरूजु दफा ४१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)	प्रमाण पेश नगरेको	३,९९,७७४

४२ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था र सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने , २० लाखसम्मको सिलबन्दी दरभाउपत्रबाट, सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने र सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको देखियो । ५ वटा वडा रहेको यस पालिकामा देहायका भौचर नम्वरहरुबाट देहायको संख्यामा निर्माण कार्य विभिन्न फर्महरुबाट खरिद गरी जडान गरेको प्रमाण संलग्न राखेको भएतापनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ मा रु.२० लाख भन्दाबढीको बोलपत्रबाट गर्नुपर्ने व्यवस्था बमोजिम गरेको देखिएन । कानुनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ४२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४३ **अधुरो निर्माण कार्य:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत विगतमा अधुरो रहेको कार्यको सम्पन्न गर्न लागत अनुमान तयार गरी कार्य गरेको छ । परीक्षण गरिएका भौचरमा पिसिसि गर्ने कार्य, माटो खन्ने पूर्ने कार्य, वाटो ढलान कार्य जस्ता आईटमहरु समावेश गरेको देखिन्छ । उक्त आइटमहरु तयार गर्दा विगतमा भएको कार्यको प्रमाण (लागत अनुमान/कार्यसम्पन्न) आधार संलग्न गरी तयार गरेको देखिएन । लेखापरीक्षणको समयमा विगतको भएको कामको विवरण माग गर्दा पेश हुन सकेन । गत विगतमा भएको कार्यको नापी विवरण तथा प्राविधिक अभिलेख संलग्न नराखी कार्य गराउदा दोहोरो हुनसक्ने देखिन्छ । भुक्तानी दिँदा दोहोरो नपर्ने गरी दिएको हो भन्न सकिने विश्वस्त आधार र प्रमाण संलग्न राखेको नदेखिएकोले देहाय बमोजिमका परीक्षण गरेका योजनाहरुको प्राविधिकबाट विगत वर्षमा भएको कार्य परिमाणको नापी तथा हाल भएको कार्यको लागत अनुमान तुलना गरी दोहोरो नपरेको यकिन गरी प्रमाण पेश हुनुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)	प्रमाण पेश नगरेको	२१,८६,७४१

४४ **उधमशिलताको भवन निर्माण तर्फ**

पालिकाले यस वर्ष सशर्त अनुदान तर्फ उधमशिलता भवन निर्माण तर्फ रु.८५ लाख बजेट व्यवस्था भएकोमा रु.८४ लाख ८२ हजार खर्च भएको छ । पालिकाले ८५ लाख लागत अनुमान गरी ठेक्का गरेकोमा ५७ लाख ९९ हजारमा भई भवनको तला थप भएकोमा पुन: बाँकी बजेटले गापा परिसरमा गार्हो लगाउने कार्य २ चरणमा गरी गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

१.मल्टी प्रपोज विल्डिङ्ग:उधम विकास आयोजना कार्यक्रमको भवन निर्माण कार्यका लागि मिति २०८०।१।१४ मा रकम रु.५७९८३८३। मा सम्पन्न गर्ने गरी मिति २०७८।१।२१ मा ठेक्का सम्झौता गरेकोमा रु.५७९८३८३। भुक्तानी ऊरि निर्माण कार्य सम्पन्न भएको विवरण पेश गरेको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय बमोजिम छन् ।

२.**स्पेक बमोजिमको कार्यः** लेखापरीक्षणको क्रममा देहायका कार्यहरु स्पेक बमोजिम नभएको अवस्थामा पनि भुक्तानी भएको देखिएकोले स्पेक बमोजिम कार्य गराउनुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु.

२.१.आइटम नं. ७ मा Supplying laying and placing 300*300 and 300*450 porcelain glazed tiles as Engineer specification उल्लेख भएकोमा उक्त अनुसारको क्वालिटी गरेको प्राविधिकले प्रमाण संलग्न गरेको देखिएन । पालिकाले सेरामिक्स टेष्टको लागि scratching the surface of the tile with different minerals and subjectively assigning a “moH's Scale Hardness” number to the glaze, the softest mineral used is talc (“1” rating), the hardest is a diamond (“10” rating). भएको नदेखिएको तथा प्रयोग गरेको सामान स्पेक बमोजिम भएको हो भन्न सकिने आधार देखिएन । सम्झौतामा उल्लेख भए बमोजिमको

कार्य भएको नभएको र स्पेशिफीकेशन भन्दा फरक सामान प्रयोग गरेको नगरेको यकिन नभएकाले रु.६९३०००। को क्वालिटीको सामान भएको नभएको यकिन गरी स्पेसिफिकेशन अनुसारको सामान जडान गर्नुपर्ने अन्यथा असुल गर्नपर्ने देखिन्छ ।

२.२.आइटम नं. D. Sanitary Works: Supplying and Fixing White glazed earthenware indian pattern orrisa pan with low level PVc flushing cistern,……………… all complete set(hindware, parryware and classica) मा commode cistern and seat cover Hindware Parry ware and classica उल्लेख भएकोमा सो बमोजिमका रु.६००००।का सामान जडान भए/ नभएको यकिन गरेर उक्त आइटममा उल्लेख भएको स्पेकिफीकेशन बमोजिम सामान बिओक्यु बमोजिम सबै स्थानमा जडान भए नभएको यकिन गर्नुपर्ने अन्यथा असुल गर्नेपर्ने देखिन्छ ।

प्रमाण पेश नगरेको	७,५३,०००

४५ **विस्तृत आयोजना प्रतिवेदन**

पालिकाले देहायनुसार विस्तृत आयोजना प्रतिवेदन तयार गरेको देखियो । तल उल्लेख भएका विस्तृत आयोजना प्रतिवेदन कार्यको लागि संघिय सरकार, प्रदेश सरकार र गाँउपालिकाको योजनामा समावेश नभएको तथा संघिय प्रदेश सरकारबाट बजेट सुनिश्चितता नभएको अवस्थामा DPR तयार गरी रु.४४ लाख ४० हजार भुक्तानी गरेको छ । कार्यान्वयन हुने खालका डिपिआर निर्माण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१.डिपिआर तयारीको लागि परामर्शदाता छनौट गर्न परामर्शदाता फर्मले प्राविधिक प्रस्तावमा नाम उल्लेख गरेका विज्ञहरु द्वारा नै डिपिआर तयार भएको हो भनि सुनिश्चितत हुने आधार देखिएन । प्राविधिक प्रस्तावमा नाम उल्लेख भएका विज्ञहरु गाँउपालिका कार्यालयमा आएको, साइट भ्रमण गरेको प्रमाणित गर्ने कागजात पेश भएन भने डिपिआर प्रतिवेदनमा समेत ति विज्ञहरुबाट प्रमाणित दस्तखत भएको देखिएन । डिपिआर प्रतिवेदन तयारी कार्यमा संलग्न विज्ञहरुको नाम नामेसी समेत प्रतिवेदनमा उल्लेख छैन । यसबाट गुणस्तरीय प्रतिवेदन तयार भएको यकिन गर्ने आधार देखिएन । परामर्शदाता फर्मले प्राविधिक प्रस्तावमा नाम तथा वैयक्तिक विवरण पेश गरेका परामर्शदाता अनिवार्य साइटमा जाने र डिपिआर प्रतिवेदनमा विज्ञहरुको दस्तखत हुने व्यवस्था मिलाउनुपर्दछ । डिपिआरमा कमी कमजोरी भई योजना कार्यान्वयन गर्दा आइपर्ने समस्याको लागि सम्बन्धित विज्ञहरुलाई जिम्मेवार बनाउने व्यवस्था गर्नुपर्दछ ।

२.सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० मा सार्वजनिक निकायले २० लाख भन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० बमोजिम आशयपत्र संकलन गर्न सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.५ लाखदेखि रु.२० लाखसम्मको खरिद कार्य सिलबन्दी दरभाउपत्र र सोभन्दा बढीको बोलपत्रबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न कार्यक्रमका लागि डिपीआर निर्माण गर्न विनियोजित बजेट रु.४४ लाख ४० हजार मध्ये पूजिगत शिर्षकबाट ५ वटा टुक्रा बनाई डिपिआर निर्माण गरेको देखियो । खरिद कार्यको लागि सूचना प्रकाशन गर्दा पत्रपत्रिकामा सूचना प्रकाशन गरी प्रतिस्पर्धा नगराई ३ वटा फर्मले पेश गरेको कम मूल्य सूचिलाई लिई छनौट गरी खरिद गरेको देखियो । एउटै प्रकृतिका कार्यलाई टुक्रा बनाई खरिद गर्नु कानून सम्मत देखिँदैन । पालिकाले टुक्रा टुक्रा नगरी प्याकेज बनाई निर्माण गर्नुपर्ने देखिन्छ ।

३.पालिकाको ठोरी पार्क निर्माण निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्न रु.१६९५०००। भुक्तानी गरेको छ । कार्यान्वयन हुने स्थान निश्चित भई ठोरी पार्क निर्माण सुरु भएको छ । पालिकाले ठोरी पार्क निर्माणका लागि कोटेशन मार्फत रु.१६ लाख ९५ हजारमा डिपिआर निर्माणको सम्झौता पेश गरेकोमा लागत अनुमान निर्माणको आधार पेश भएको छैन । पालिकाले प्रभावकारी नम्स, रेटमा कार्य गरेको यकिन गर्न नसकिएकाले पालिकाले लागत अनुमानको सहायक कागजपत्र समेतका आधारमा मात्र खरिद कार्य गर्नुपर्ने देखिन्छ । पालिकाले लागत अनुमानको आधार पेश नभएकोले अनुमान र प्रतिवेदन प्रमाण पेश गरी लागत अनुमानको दररेटसमेत यकिन गरी विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने देखिन्छ । साथै डिपिआर तयारीको लागि परामर्शदाता छनौट गर्न परामर्शदाता फर्मले प्राविधिक प्रस्तावमा नाम उल्लेख गरेका विज्ञहरु द्वारा नै डिपिआर तयार भएको हो भनि

सुनिश्चितत हुने आधार देखिएन । प्राविधिक प्रस्तावमा नाम उल्लेख भएका विज्ञहरु गाँउपालिका कार्यालयमा आएको, साइट भ्रमण गरेको प्रमाणित गर्ने कागजात पेश भएन भने डिपिआर प्रतिवेदनमा समेत ति विज्ञहरुबाट प्रमाणित दस्तखत भएको देखिएन । डिपिआर प्रतिवेदन तयारी कार्यमा संलग्न विज्ञहरुको नाम नामेसी समेत प्रतिवेदनमा उल्लेख छैन । यसबाट गुणस्तरीय प्रतिवेदन तयार भएको यकिन गर्ने आधार देखिएन । परामर्शदाता फर्मले प्राविधिक प्रस्तावमा नाम तथा वैयक्तिक विवरण पेश गरेका परामर्शदाता अनिवार्य साइटमा जाने र डिपिआर प्रतिवेदनमा विज्ञहरुको दस्तखत हुने व्यवस्था मिलाउनुपर्दछ । डिपिआरमा कमीकमजोरी भई योजना कार्यान्वयन गर्दा आइपर्ने समस्याको लागि सम्बन्धित विज्ञहरुलाई जिम्मेवार वनाउने व्यवस्था गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४६ **१५ वेड अस्पताल:**

ठेक्का नं TRM/NCB/BUILDING/01/2077.78 को Construction of Thori Hospital 15 Bed कार्यका लागि मिति २०७९।११।०३ मा रु.१७४२३६८८४।१५ मा सम्पन्न गर्ने गरी मिति २०७८।१।२१ मा ठेक्का सम्झौता गरेको छ । शुरु सम्झौता बमोजिमको मितिमा निर्माण कार्य सम्पन्न नभएपछी कार्यपालिकाको मिति २०८०।१।१०को निर्णय बमोजिम मिति २०८०।११।२० सम्म म्याद थपकोमा सम्पन्न नभएकाले पुन २०८२ सम्म म्याद थप गरेपनि लेखापरीक्षण अवधि २०८१।१०।१५ सम्म सम्पन्न भएको छैन । निर्माण व्यवसायीले म्याद थपको लागि पेश गरेको अद्यावधिक कार्यक्रम समेत पेश गरेको देखिएन । पालिकाले प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको प्रतिकृयामा पेश गरेको 9वौँ रनिङ्ग विलसम्म मुल्य समायोजन समेत रु.१८७६१६१७९.३६ भुक्तानी गरेको छ । पालिकाले समयमै निर्माण कार्य सम्पन्न गराउनु पर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय बमोजिम छन् ।

४६.१ **कार्यसम्पादन जमानत**: सम्झौता बमोजिम निर्माण सम्पन्न गर्नुपर्ने मिति २०८१।११।२० र मर्मत सम्भार अवधि भन्दा १ महिना बढी अवधिको अर्थात कम्तिमा २०८२।१२।२० सम्मको कार्यसम्पादन जमानत आवश्यक पर्नेमा निर्माण व्यवसायीबाट पेश भएको रु. ८७१२००० को मिति २०८१।४।१ (२०२४।७।१६) सम्म मात्रको कार्यसम्पादन जमानत पेश गरेको छ । अत नियम बमोजिम म्याद थप गर्न लगाउनु पर्दछ ।

४६.२ **अद्यावधिक कार्यक्रम** : सम्झौताको GCC 34.1 बमोजिम ३० दिन भित्र अद्यावधिक कार्यक्रम पेश गर्नुपर्ने व्यवस्था भएको र 34.3 मा उक्त कार्यक्रम पेश नभए रु.५०,००० बिथ हेल्ड गर्ने व्यवस्था पालना भएको देखिएन । सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

४६.३ **निर्माण कार्यको बिमा** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम रु २० लाख भन्दा बढीको निर्माण कार्यको अनिवार्य बिमा गराउनु पर्ने प्रावधान रहेको छ । त्यस्तै ठेक्का सम्झौताको शर्तको SCC बमोजिम सबै जोखिम वहन गर्ने गरी निर्माण कार्यको बिमा र सामहिक दुर्घटना बिमा गर्नुपर्ने तथा सो कार्यको लागि BOQ मा रु.८,१७,९०६। ८८ समेत PS item को रुपमा राखेको छ । सम्झौता बमोजिम अनिवार्य रुपमा बिमा गर्न लगाउनु पर्दछ ।

४६.४ **घटी जिम्मेवारी**:

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **९,३०८,६०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा ४६.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	०

४६.५ **मुल्य समायोजन**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **१०,३८७,४६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४७ अधुरो झोलुङ्गे पुल निर्माण कार्यः-

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा स्वीकृत आयोजना लागत अनुमान र वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ ।पालिकाको ओडारखोला झोलुङ्गेपुल निर्माण कार्यका लागि रु.६७ लाख ७९ हजार लागत अनुमान भएकोमा गापाबाट रु.40 लाख र उपभोत्ता समितीको रु.२ लाख ९३ हजार सहभागिता रहने गरी सम्झौता गरेकोमा हालसम्म रु.१५ लाख ४८ हजार भुक्तानी भएको छ । आर्थिक वर्षको अन्त्य सम्म निर्माण कार्य सम्पन्न नभएको तथा अर्को आर्थिक वर्षमा उक्त झोलुङ्गे पुल निर्माणमा बजेट विनियोजन नभएकोले निर्माण कार्य अधुरो रहेको साथै भएको खर्च पनि खेर जाने अवस्था रहेको देखिन्छ। झोपुको कार्यको लागत अनुमान भन्दा धेरौ कम मात्र कार्य सम्पन्न भएकाले स्टिल र फ्याव्रिग्रेशनको निर्माण सामाग्री समेत खरिद भएको देखिदैन। साथै पालिकाले बजेट विनियोजन समेत नगरेको र ससर्त अनुदानका लागि माथिल्लो निकायमा समेत अनुरोध नगरेकाले संरचना ब्रिग्रिएर जान सक्ने देखन्छ। यस वर्ष बजेट विनियोजन गरी लक्षित प्रतिफल प्राप्त गर्न पालिकाको ध्यान जानु पर्दछ। पालिकाले कार्यको (लागत अनुमान/कार्यसम्पन्न) आधार संलग्न गरी तयार गरेको देखिएन। पालिकाले बजेटको व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गराउनु पर्ने देखिन्छ।

४८ उपभोक्ता समिति

उपभोक्त समितिकार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा ५ लाख भन्दा बढी बजेट व्यवस्थापन भई उपभोक्ता समिति मार्फत ग्राभल गर्ने कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, मस्जिद बनाउने, माटो पूर्ने लगायतका कार्यको लागि उपभोक्ता समितिहरुसंग सम्झौता गरेको देखियो । पालिकासँग उपभोक्ता समितिबाट कार्य गराएका योजनाहरुको विवरण माग भएतापनि लेखापरीक्षण पेश हुन सकेन । यस वर्ष पालिकाको पुजिगत खर्च रु.९ करोड १६ लाख ७२ हजार रहेको छ । परीक्षण गरेका केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७, ९७ क तथा उपभोक्ता समिति सम्वन्धी कार्यविधीको व्यवस्था अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्थाको पूर्ण पालन भएको देखिदैन । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

ख) भुक्तानीको सिफारिसः केहि योजनाहरुमा सम्वन्धित वडाको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने नगरेको देखियो । उपभोक्ताबाट सम्पादित कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाले भुक्तानीको सिफारिस नगर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको एकिन हुन सक्ने देखिदैन। सबैजसो योजनाहरुमा अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

ग) कामको नापजाच र हस्तान्तरणः योजनाहरुको नापी किताबमा सवै प्राविधिक कर्मचारीको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी, उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो । उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्यांकन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । कार्यालयले सम्पूर्ण योजनाहरु अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको एकिन गर्न सकिएन । भौचर नं. २४-०८०।९।११ भवन निर्माणको लागि पेश्की दिई फर्स्यौट गरेको श्रेस्तामा उपभोक्ता समितिको कार्यसम्पन्नमा छाप लगाएको छैन । कार्यालयले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ ।

घ) जनसहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । पालिकाले भ्याट लाग्ने वस्तुहरुमा भ्याट समावेश गरी भुक्तानी दिएको देखियो । उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ । कामको प्रकृती, प्राविधिक विल, उपभोक्ता समितिबाट खर्च भएका विल विजकहरु पेश नभएका कारण प्रमाणहरु एक अर्कामा मेल खाने नखाने एकिन गर्न सकिने अवस्था रहेन। यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश लगाई योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

ङ)सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

च) बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सिक्ने अवस्था देखिएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा पर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

छ) जटिलसंरचना निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गरेका निर्माण कार्यहरु मध्ये अधिकाशं निर्माण कार्य ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, माटो पूर्ने कार्य लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

४९ **ठोरी पार्क निर्माण:**

ठेक्का नं TRM/NCB/ 5/2080.81 को ठोरी पार्क निर्माण कार्यका लागि मिति२०८२।२।२६ मा रकम रु.६८१०१५३। मा सम्पन्न गर्ने गरी मिति २०८१।२।२६ मा ठेक्का सम्झौता गरेको छ । लेखापरीक्षण २०८०।८१ को पहिलो बिलसम्म रु.४९७२९१८। अर्थात

७३.०२ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ । पालिकाले समयमै निर्माण कार्य सम्पन्न गराउनु पर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय बमोजिम छन् ।

स्थलगत अनुगमनः

पालिकाले निर्माण गरेको पार्कको स्थलगत निरीक्षण गर्दा स्विमिङ्ग पुल, पर्खाल र माटो पुर्ने लगायतका कार्य भईरहेको पाईयो भने स्विमिङ्ग पुलको निर्माण कार्य परिक्षण गर्दा टायलको प्लेशमेन्ट नमिलेको, टायल स्पेसिफिकेशन अनुसार भए नभएको यकिन नभएको, स्विमिङ्ग पुलको पुर्व पट्टी भिरालो स्थलमा संरक्षण नगरेमा पहिरोले सखाप पार्न सक्ने अवस्था भएको, पार्कको दक्षिण क्षेत्रमा पानीको प्रभाहले पहिरो गएको देखिन्छ । साथै पार्कका लागि डिपिआर अनुसार कार्यन्वयन गर्नका लागि स्थान सानो भएको, पार्कको भित्र संरचना रहेको, स्विमिङ्ग पुलमा पुर्ण रुपमा संचालनको अवस्थामा भार बहन गर्न सक्ने नसक्ने आंकलन गरेको देखिएन । भौगोलिक अवस्था विचार गरेर कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

५० **संघिय सरकार समपुरक अनुदानः**

संघीय सरकारबाट प्राप्त समपुरक अनुदान समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ को वुँदा ६ अनुसार प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशत रकम अनुदान प्रदान गर्न सक्ने उल्लेख छ। संघीय समपूरक अनुदानमा निम्नानुसार अनदान प्राप्त भएकोमा देखिएका व्यहोरा निम्न छन् ।

कार्यक्रमको नाम	सम्झौता रकम	रकम कन्टिजेन्सी सहित	संघीय समपूरक अनुदान ५०%	पालिका साझेदारी५०%	कैफियत
ठोरी पार्क निर्माण	६८१०१५३	८८४५३६०	४४२२६८०	४४२२६८०	

५०.१ **लागत साझेदारी भुक्तानी** संघीय समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ को वुँदा ६ अनुसार स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म लागत साझेदारीमा आयोजना कार्यान्वयन गर्न सक्ने उल्लेख छ । संघीय समपुरकवाट प्राप्त वजेट र पालिकाको वजेटवाट वडा कार्यालयहरु भवन निर्माण भएकोमा भुक्तानी निम्नानुसार रहेको छ । समपूरक अनुदानमा सञ्चालित योजनाहरुको भुक्तानी अभिलेख राखी कार्यविधि अनुसार पालिकाको योगदान भुक्तानी भएको सुनिश्चित हुने अभिलेख राख्नु पर्दछ। यस वर्षको वाट वाँकी कार्यको भुक्तानी हुँदा कार्यविधि अनुसार साझेदारी कायम हुनु पर्दछ ।

ठेक्का नं. र कामको विवरण	मिति	भुक्तानी रु.		सम्पन्न गर्नुपर्ने
		संघ तर्फ	स्थानिय तह	
ठोरी गापा पार्क निर्माण TRM/NCB/ 5/2080.81				
विल भुक्तानी पेश्की सहित	२६।८१।३।२३	४९७२९१८	०	
डिपिआर खरिद			१६९५०००	
कन्टिजेन्सी खर्च वापत			३४०२०७	
जम्मा	८८४५३६०	४४२२६८०	४४२२६८०	हुनुपर्ने
बढी		५५०२३८		

५०.२ **समपुरक अनुदान:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७४ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान सम्वन्धित शिर्षकमा खर्च गर्ने र बाँकी रकम सम्वन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठोरी पार्क निर्माण कार्यको लागि संघीय समपुरक कार्यक्रमबाट रु.४९७२९१८ तथा पालिकाबाट रु. २०३५२०७। भुक्तानी गरेकोर अन्य बाँकी रहेको छ ।पालिकाले कुल सम्झौता रकम, डिपिआर र कन्टिजेन्सी सहितको रकममा ५० प्रतिशत रकम व्यहोर्नुपर्नेमा पालिकाले संघीय समपुरक रकम भन्दा रु.५५०२३८। कम खर्च लेखेको देखिएकोले संघीय संचितकोषमा दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,५०,२३८

५१ निर्माण कार्यको बिमा:

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम रु २० लाख भन्दा बढीको निर्माण कार्यको अनिवार्य बिमा गराउनु पर्ने प्रावधान रहेको छ । पालिकाले विभिन्न ठेक्कामा विमा गराएको प्रमाण पेश भएन । निर्माण कार्यको अनिवार्य विमा गराएर मात्र निर्माण कार्य गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५२ ल्याव टेष्ट रिपोर्ट:-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरेरमात्र खर्च गर्नुपर्दछ । नियमावलीको नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न योजनाहरुमा Lab Test को रिपोर्ट पेश भएको देखिएन । पालिकाले ल्याव टेष्ट गरेर निर्माण कार्यको गुणस्तर यकिन गर्नुपर्दछ ।

५३ स्यालो ट्युववेल जडान र मोटर वितरण:

गाउँपालिकाले प्रत्येक वडा भित्रका बस्तीमा खानेपानी उपलब्ध गराउन स्यालो ट्युवेल जडान र मोटर वितरण गरेको छ । ह्याण्डपम्प तथा मोटर विवरण कार्यक्रम संघीय कार्यालहरु, प्रदेशका कार्यालयहरु तथा गाउँपालिका दुबैबाट सञ्चालित छन् । विगतका आ.ब.मा समेत पालिकामा ह्याण्डपम्प, स्यालो ट्युववेल, मोटर वितरणको कार्यक्रम सञ्चालन भएको महालेखाको प्रतिवेदनबाट समेत देखिन्छ । डिप बोरिङ्गको लागि कति लेभलसम्म गाड्नुपर्ने हो पालिकासँग सो को जानकारी रहेको देखिएन । पालिकाको आवश्यकतालाई पहिचान नगरी सबैलाई ह्याण्डपम्प/मोटर, चापाकल, स स्यालो ट्युवेल, लगायत सामाग्री जडान र वितरण गरेको देखिन्छ । कस-कसलाई पाईपमात्र आवश्यकता हो ? चापाकलको ह्याण्डपम्प कति संख्यामा आवश्यकता हो वा पुरै सेट नै खरिद गर्नुपर्ने हो ? स्यालो ट्युववेल आवश्यकता हो की होईन । आवश्यकता पहिचान भएको छैन । वितरण गरिएका व्यक्तिको पहिचान खुल्ने कागज एवं दोहोरो नभएको

सुनिश्चिता हुने प्रमाण कागज संग्लन गरेको छैन । पालिकाभित्र वास्तविक कति जनालाई स्यालो ट्युववेल, कृषि मोटर लगायत चाहिने हो यकिन गरेर मात्र खरिद गरी वितरण गर्नुपर्ने देखिन्छ । जडान गर्ने स्थान सबैको पहुचमा हुने प्रकारको छनौट गर्नुपर्दछ । अत:यस्ता वितरण जस्ता वितरणमुखी कार्यक्रम सञ्चालन गर्न वास्तविक लाभग्राही तथा समुदायमा दोहोरो नपर्ने गरी पालिकाले संघीय कार्यालय प्रदेश कार्यालय र आफुले वितरण गरेको ह्याण्डपम्प छुट्टिने एकिकृत अभिलेख तयार गरी वितरण अध्याबधिक गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ५३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५४ **सामी**

पालिकाको सामि कार्यक्रम अन्तर्गत यस वर्ष रु.२३ लाख बजेट प्राप्त भएकोमा रु.२२लाख ८३ हजार खर्च भएको छ । पालिकाले सामि कार्यक्रम संचालन कार्यविधि बमोजिम कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ ।

५५ **निशुल्क पाठ्यपुस्तक:-**

कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०।०८१को क्रियाकलाप नं.२.४.६.१ मा विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको वितरण भर्पाई, हाजिरी प्रमाणित, अनुगमन र सत्पापन विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ । पालिकाले २१ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको पहिलो किस्तामा ७५ प्रतिशत (गो.भौ.न १६३।८०।१२।२०) रु.१५९४१४०। निकासा गरेकोमा थप निकासाका रुपमा गो.भौ.नं २५०।८१।३।१९ मा रु.६२४३९६।समेत रु.२२१८५३६। निकासाको गरेको छ । विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको अनुगमन गरी यकिन गरेको विवरण पेश नभएकाले यथार्थ अवस्था यकिन भएन । साथै पालिकाले यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

१.पालिकाले नयाँ शैक्षिक सत्रमा भएको भर्नाको विवरण, पाठ्य पुस्तक खरिद र वितरणको विवरण, निकाशामा सत्यापन प्रमाणित, विधालयको वितरण भर्पाई, बैशाख/जेठ महिनाको हाजिरी, निशुल्क पाठ्यपुस्तक अनुदानको एकिकृत अभिलेख तयार गरेर प्रमाणित र अभिलेखिकरण गर्नुपर्नेमा गरेको देखिएन । एकिकृत तथ्याङ्क शिक्षा अधिकृतबाट प्रमाणित गरी सोही आधारमा पाठ्यपुस्तक ११/१२ को समेत यकिन गर्नुपर्नेमा यकिन गरेको छैन। यसले पाठ्यपुस्तको निकासा यथार्थ भएको मान्न सक्ने अवस्था रहेन। पालिकाले पुस्तिकाको व्यवस्था पालना गरेर मात्र पाठ्य पुस्तक बापत निकासा गर्नुपर्दछ।

२.पालिकाले थप निकासा भएको रकमको सत्यापन प्रमाणित, हाजिरी र अनुगमन गरी विधार्थीले यथार्थ पाए नपाएको यकिन नगरेकाले खर्च यथार्थ छ भन्ने अवस्था रहेन। पालिकाले निर्देशिखाको व्यवस्था पालना गरेर मात्र पाठ्य पुस्तक बापत निकासा गर्नुपर्दछ।

३.पाठ्यपुस्तक: पालिकालेपाठ्यपुस्तक अनुदान बापत रु.५५४९७९९। विद्यालयलाई निकासा गरेको छ । पालिकाले यथार्थ विद्यार्थी संख्या सत्यापन, हाजिरी प्रमाणित, अनुगमन बेगर १०० प्रतिशत रकम शैक्षिक सत्र २०८० को आई.ई.एम.का आधारमा मात्र निकासा गरेकोले नमुना छनौट गरी माग गरिएका तपसिलको विद्यालयलाई निकासा दिई खर्च गरेको सम्बन्धमा नयाँ आई.ई.एम.आई.एस..बाट विद्यार्थी संख्या भिडान गरि सत्यापन प्रमाणित, विधार्थी हाजिरी, वितरण भर्पाई, खरिद विल र पालिकाले अनुगमन गरी निकासा बढी भए नभएको अन्य विधालयको समेत यकिन गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५६ **सशर्त शिक्षा तर्फ:**

कार्यक्रम कार्यान्वियन स्थानीय तहमा शिक्षा तर्फको सशर्त अनुदान कार्यान्वियन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार हुनेगरी शिक्षा तर्फको रु.१२ करोड ५६ लाख निकासा भुक्तानी गरेको देखिन्छ । शिक्षा तर्फ २४ कार्यक्रम रहेकोमा १५ कार्यक्रम संचालन भई ९ शुन्य प्रगति भएको छ । तलव भत्ता, दिवा खाजा, निशुल्क पाठ्य पुस्तक वितरण, विधालय संचालन तथा व्यवस्थापन अनुदान, विधालय शैक्षिक गुणस्तर नियन्त्रण, कार्य सम्पादनमा आधारित प्रोत्साहन, छात्रवृति,

स्यानेटरी प्याड वितरण लगायतका कार्यक्रम सत्यापन प्रमाणित, अनुगमन वेगर संचालन गरेकोले यथार्थ निकासा यकिन गर्न सकियन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छन,

५६.१ **१.शिक्षकको अभिलेखः**-कार्यक्रम कार्यान्वयन निर्देशिका,२०८० को क्रियाकलाप १.१.३.३ र १.१.३.४ मा पालिकाले तलव भत्ता अनुदान निकासा गर्दा पालना गर्नुपर्ने क्रियाकलाप उल्लेख गरेको छ। जसमा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुवाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरवन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरी रु.१० करोड ३० लाख निकासा गरेको छ । विद्यालय स्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण जिल्ला शिक्षा समन्वय इकाईबाट प्राप्त गरि सोही अनुसार पालिकाले अध्यावधिक खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार पालिकाले त्रैमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पुर्णरुपमा अध्यावधिक नभएकाले विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकियन।

२.विद्यालयगत निकासा रजिष्ट्रर:कार्यान्वियन पुस्तिकामा उल्लिखित कार्यक्रम कार्यान्वयन प्रकृया र प्रगति सुचक भिडान हुने गरी विद्यालयगत निकासा रजिष्ट्रर राखी निकासा नियन्त्रण गर्नु पर्दछ। पालिकाले निकासा रजिष्ट्रर र प्रगति सुचक अध्यावधिक गरेर राखेको छैन। विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकमबारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

३.अनुगमनःकार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ अनुसार सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइयन। पालिकाले कार्यान्वियन पुस्तिका अनुसार शैक्षिक अवस्था सुधारमा निकासा खर्च उपयोग भएको सुनिश्चितता हुने अनुगमन मापदण्ड तयार गरी कार्यान्वियन पर्दछ।

४.कक्षा ८ को परीक्षा संचालन शुल्कः कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ को क्रियाकलाप नं १५.१ मा कक्षा ८ को परीक्षा संचालन तथा प्रमाणिकरण एंवम् विधार्थी मुल्याङ्कनका गर्न पालिकाले कक्षा आठको परीक्षा संचालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड, २०७६ बमोजिम ढाँचामा परीक्षाको ढाँचाको परिधिभित्र रही परीक्षाको स्तरीयता, प्रमाणिकरण र एकरुपता कायम हुने गरी परीक्षा संचालन गराउने व्यवस्था छ। साथै परीक्षा संचालन गर्दा संस्थागत विधालयबाट विधार्थीसँग प्रति विधार्थी न्युनतम रु.२७५का दरले शुल्क लिई अभिलेख व्यवस्थापन तथा विधार्थीलाई प्रमाणपत्र वितरण गर्ने व्यवस्था छ । पालिकाले यकिन तथाङ्क संकलन गरी पुस्तिकाको व्यवस्था कार्यान्वियन गर्नुपर्दछ । पालिकाले यस वर्ष विधार्थीबाट संकलन गरे नगरेको विवरण प्राप्त भएन । साथै पालिकाले नीजि विधालयहरुको अनुगमन गर्नुपर्ने देखिन्छ ।

५६.२ १.**प्रति विधार्थी लागतः**पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१को प्रति विधार्थी लागत देहाय बमोजिम रहेको छ । यस वर्ष शिक्षा तर्फ रु.13 करोड ९८ लाख ८७ हजार बजेट व्यवस्था भएकोमा रु.१२ करोड ९१ लाख २ हजार खर्च भएको देखिन्छ । पालिकामा हाल ३५०३ विधार्थी अध्ययनरत रहेकोमा सामुदायिक विधालय तर्फको प्रति विधार्थी लागत रु.३६८५४। रहेको छ। पालिकाले शैक्षिक गुणस्तर वृद्वी गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२.**शिक्षक विद्यार्थी अनुपात**- स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भइ नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिकावाट उपलव्ध विवरण अनुसार विद्यालयहरु संचालनमा रहेकोमा शिक्षक दरवन्दी वाल विकास र राहत सहित १४५ रहेकोमा १४५ कार्यरत भएको देखियो । पालिकाले पेश गरेको IEMIS अभिलेख अनुसार कूल विद्यार्थी संख्या

३९६९ रही शिक्षक विद्यार्थी अनुपात १:२८ देखिएकोले पालिकाले सत्यापन समेत नगरी विधार्थीको विवरण राखेकाले यकिन गर्न सकियन । तसर्थ पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकामा तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम हुनुपर्दछ ।

३.**दरवन्दी मिलान:**शिक्षा नियमावलीले ब्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको संख्या एकीन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कूनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ। अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी एकीन गर्न सकिएन । नियमावली बमोजिम पालिकाले यथासिघ्र दरबन्दी मिलान गर्नुपर्दछ।

४.**विद्यालय शिक्षक हाजिरी**: कार्य संचालन निर्देशिका,२०८० मा बिद्यालयहरुले चौमासिक निकासा माग गर्दा माग फारम साथ विद्यालयमा कार्यरत शिक्षकहरुको हाजिर रिपोर्ट पठाउनुपर्ने व्यवस्था छ। विद्यालयहरुले हाजिरीको अभिलेख नपठाएकोले शिक्षकको उपस्थिति खुलेको छैन। पालिकाले विद्यालयहरुलाई माग फारमसँगै शिक्षकको हाजिर अभिलेख अद्यावधिक गरेर मात्र विद्यालयको निकासा पठाउनुपर्ने व्यवस्थाको पूर्ण पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५६.३ १.**शैक्षिक गुणस्तर-** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्वियन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्ने ब्यवस्था छ । पालिकाले आ.व.२०८०।८१ मा बिद्यालयको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । पालिकाले आफनो अन्तर्गतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२.**एस ई ई नतिजा:**पालिका अन्तर्गतका विधालयहरुको २०८०को एस.ई.ई परीक्षामा जम्मा २६१ विधार्थी सहभागि भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विधालयको तुलना देहाय बमोजिम रहेको छ ।

विद्यालयकोनाम	जम्मा	४ (A+)	३.६ (A)	३.२(B+)	२.८ (B)	२.४ (C+)	२ (C)	१.६(D)	NG	जम्मा	प्रतिशत
श्री स मा विगौतमनगर	४६	०	१	१	६	२९	१	०	८	३८	८३
श्री ने राप्राविधिक मा वि दिपकनगर	३४	०	०	१३	१४	०	०	०	७	२७	७९
श्री ने रा मावि ओडार	३१	०	०	१	४	२४	२	०		३१	१००
श्रीज्ञानज्योति मा वि घ्याङ्गडाँडा	४८	०	०	०	५	२७	३	०	१३	३५	७३
श्री मा विवजयबस्ती	५२	०	२	३	४२	०	०	०	५	४७	९०
श्रीज्ञानबाटिका मा वि सुवर्णपुर	५०	०	१	१	६	२९	१	०	१२	३८	७६
जम्मा	२६१	०	४	१९	७७	१०९	७	०	४५	२१६	८२.७५

तालिका अनुसार ३.६१-४.०० जिपिए ल्याउने विधार्थी ४ जना रहेका छन। साथै ३.२१-३.६० जिपिए ल्याउने विधार्थी १९ भएको देखिन्छ। यसरी ४५ प्रतिशत विधार्थी नन ग्रेड भएका देखिन्छन । यसरी पालिकाले सामुदायिक विधालयको ८२.७५ प्रतिशत मात्र

रहेको पास प्रतिशत सुधार गरी गुणस्तर वृद्धी गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५६.४ **कार्यसम्पन्न प्रतिवेदन:** क. सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१को क्रियाकलाप न.११.१.२.४४५ र २.७.१३.१३ (ञ) मा स्थानीय तहले अनुसुची ७ बमोजिम नापी किताब/कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात २/२ प्रति प्राविधिकबाट तयार गर्न लगाई सम्बन्धित साईट ईन्चार्ज, विद्यालयको प्र.अ. तथा वि.व्य.स.अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमुख को दस्तखत गराई एक प्रति स्थानीय तहमा र अर्को प्रति विद्यालयमा राख्न लगाई सोको लेखा परिक्षण मौजुदा कानुन बमोजिम विद्यालयले आफ्नै स्रोतबाट गराउनुपर्ने र सोको स्थानीय तहले अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था छ। पालिकाले स्वीकृत बजेट अनुसार सरस्वती माध्यमिक विद्यालयलाई नमुना विधालय भौतिक निर्माण कार्य र शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन गर्न रु. ३२००००० अनुदान दिएको देखियो ।पालिकाले अनुदान रकमबाट तोकिएको कार्य भए नभएको अनुगमन गरी गराई तोकिएको कार्य सम्पन्न भएको देखिने अनुगमन गर्नुपर्ने देखिन्छ ।

ख.नमुना विधालय: नमुना विद्यालयलाई शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदानः पालिका र बीच नमुना विद्यालय संचालन तथा व्यवस्थापनका लागि सम्झौता गरी विद्यालयलाई रु.३२००००० निकासा दिएको छ। दोस्रो पक्षले सम्पादन गरेको कार्यहरुको सम्झौता अनुसारका क्रियाकलापमा भए नभएको अनुगमन गरी प्रतिवेदन गरेको छैन। विद्यालयले सम्झौता अनुसार कार्य गरे नगरेको अनुगमन गरी विद्यार्थीहरुको शैक्षिकस्तरमा सुधार आउने किसिमका कार्यक्रममा लगानी गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

५६.५ **क.छात्रवृत्ति**:कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले सत्यापन प्रमाणित नगरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)-२०८० को तथ्याङ्क अनुसार २१ विद्यालयलाई प्रतिविद्यार्थी रु.४००।०० को दरले १३०० विधार्थीलाई रु.५२०००० अनुदान निकासा गरेको देखिन्छ। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम पालिकाको कार्यक्रम प्रभावकारिता सहितको अनुगमन गरी सत्यापन गरेर मात्र निकासा गर्नुपर्नेमा गरेको छैन । वितरण विल भर्पाई समेत पुर्ण अध्यावधिक गरेको छैन । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम कार्यक्रम संचालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

ख.संस्थागत विधालय छात्रवृत्ति: शिक्षा नियमावली २०५९को नियम १५१ मा विधालयले प्रत्येक कक्षामा प्रथम र द्बितिय हुने विधार्थीलाई क्रमस सतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेनदार छात्रबृत्ति उपलव्ध गराउनुपर्ने व्यवस्था छ। संस्थागत विधालयले कुल विधार्थी संख्याको कम्तिमा दश प्रतिशत गरिव, जेहेनदार, अपाङ्ग, महिला, दलित र जनजाती विधार्थीलाई छात्रबृत्ति उपलव्ध गराउनुपर्ने र छात्रबृत्ति उपलव्ध गराउनु अघि विधालयले छात्रबृत्तिका लागि निवेदन दिन विधालयलाई सुचना प्रकाशन गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो व्यवस्था पालना भए नभएको अनुगमन गरी कार्यान्वयन गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था भएपनि अनुगमन गरेको छैन। पालिकाले नियमावलीको व्यवस्था पालनाको अनुगमन गर्नुपर्दछ।

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।

शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमनगरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको

पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

५६.६ **अनुगमन:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने छ । कार्यक्रम कार्यान्वियन पुस्तिका २०८० अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा विज्ञान प्रयोगशाला, विधालय भवन निर्माण, प्रोत्साहन अनुदान र एकमुष्ट अनुदान लगायतका कार्य गर्न विद्यालयलाई निकासा दिन सकिने व्यवस्था छ। यस वर्ष विद्यालयहरुले कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार प्राप्त रकमबाट खरिद गरिएका मालसामानहरुको उपयोगको स्थिति, मालसामान दाखिला, प्रोत्साहन अनुगमन र लगायतको कार्य यकिन गरी अनुगमन गरी पालिकाले खर्च यथार्थ भएको नभएको विस्वस्त हुनुपर्ने देखिन्छ ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **८००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **७००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा ५६.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	०

५६.७ **विधालय अनुदान:** पालिकाले यस वर्ष कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ बमोजिम सामाजिक तथा आर्थिक लेखापरीक्षण, विधालय संचालन तथा व्यवस्थापन र ईन्टरनेट जडान, विधालय सुधार योजना, बुक कर्नर र प्रति विधार्थी लागत लगायतका शिर्षकमा निकासा कार्यक्रम कार्यान्वियन पुस्तिका बमोजिम निकासा गरेको छ । पालिकाले यस वर्ष ३२ विधालयलाई लेखापरीक्षण खर्च, विधालय संचालन तथा व्यवस्थापन र ईन्टरनेट जडान, विधालय सुधार योजनामा रु.१४६२०००। र बुक कर्नर र प्रति विधार्थी लागत लगायत २१ विधालयमा रु.१९१६९५०। गरी रु.३३७८९५०। निकासा गरेकोमा कार्यक्रम कार्यान्वियन पुस्तिका बमोजिम विधालय सुधार योजना र लेखापरीक्षण प्रतिवेदन पेश गरेको छैन । पालिकाले यकिन गरि प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नुपर्नेमा नगरेकाले यथार्थ खर्च यकिन गर्न सकिएन। विधालयले लेखापरीक्षणका लागि २१ विधालयलाई भुक्तानी भएकोमा विधालयको लेखापरीक्षण पेश भएको छ भने विधालय सुधार योजनाका लागि विधालयलाई निकासा भएकोमा विधालयको मात्र पेश भएको छ । कार्यक्रम कार्यान्वियन पुस्तिकाको कार्यान्वियन गर्नुपर्ने देखिन्छ ।

५६.८ **विद्यार्थी निर्वाह खर्चः** कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८० को सि.नं. २.६ अनुसार शिक्षण सिकाई सामग्री तथा ल्याव असिस्टेन्ट, ल्याव सामाग्री र उपकरणको लागी कक्षा ९-१२ का विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.१५००० का दरले निकासा गर्ने र विद्यालयले विद्यार्थी निर्वाह खर्चका लागी व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी प्रति विद्यार्थी रु.१००० का दरले सम्वन्धित विद्यार्थीको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। निकासा गरिएको रकम यथार्थ क्षेत्रमा खर्च भएको नभएको विल भर्पाई विधालयले पेश गरेको छैन। कार्यक्रम कार्यान्वियन पुस्तिकाको व्यवस्था बमोजिम खर्च गरेकोमा प्रमाण पेश गरेको छैन ।

विद्यार्थी निर्वाह खर्चका लागी व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी सम्वन्धित विद्यार्थीको बैंक खातामा रु.१००० का दरले कक्षा १०का विधार्थीलाई रु.३०००का दरले, कक्षा ११ का विधार्थीलाई रु.३००० का दरले र कक्षा १२का विधार्थीलाई रु.६०००। का दरले बैँक खातामा भुक्तानी गर्नुपर्ने भनि पुस्तिकाको व्यवस्था पालना गरेको छैन। व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीको बैंक खातामा नै रकम जम्मा गरी पुस्तिका बमोजिमको कामको पालना गरेको गरेर मात्र निर्वाहा खर्च भुक्तानी गर्नुपर्दछ।

५६.९ **स्यानेटरी प्याड**: स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को वुदाँ ४ मा पालिकाले खरिद गरेको स्यानेटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने र दफा ५ मा स्यानेटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न

सकिने उल्लेख छ। पालिकाले जस्मिन हाईजिन प्रोडक्स प्रालिबाट (भौ.न २८४-०८१।३।२३ मा) १०३२० प्याकेट प्याड स्यानेटरी रु.८४ (मु.अ.कर बाहेक) का दरले रु.९७९५७४।(मु अ कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयहरुका प्रधानाध्यापकहरुलाई बुझाएको छ। पालिकाले छात्राहरुको ऐकिन तथ्याङ्क अध्यावधिक नगरी विगतका स्यानेटरी प्याडको अवस्था समेत यकिन गरेको छैन। विधालयले स्यानिटरी प्याडको अवस्था स्यानिटरी व्यवस्थापनका कार्यमा भएका कार्यको अनुगमन प्रतिवेदन स्थानिय तहमा पठाउनु पर्नेमा पठाएको छैन। वितरण गरिएका प्याडहरु सम्बन्धित छात्राहरुले पाए नपाएको तथा सहि प्रयोग गरेको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन नगरेकोले प्याड सदुपयोग र उपलब्धताको सुनिश्चितताको लागि पालिकाबाट उपप्रमुख रहेको अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन पेश तथा सत्यापन गरेर छात्राको संख्या एकिन गरेर मात्र विधालयलाई वितरण गर्नुपर्दछ। साथै बढी मात्रामा स्यानेटरी प्याड किनेर विधालय पठाउँदा भण्डारणमा समस्या आई गुणस्तर समेत घट्न जाने देखिन्छ।

५७ **दिवा खाजा:**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०/८१ को क्रियाकलाप नं.२.७.११.१ आधारमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को मापदण्ड अनुसार IEMIS र सत्यापनमा भएको प्रारम्भिक वालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिक वजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिकदेखि विद्यालय पुरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण र हाजीरी प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा मापदण्डलाई प्रभावकारी बनाई कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। यस वर्ष विभिन्न भौचरबाट रु.४४ लाख २६ हजार निकासा गरेकोमा नमुना छनौट गरी परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय वमोजिम छन।

१.कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना अवस्था:पालिकामा रहेका २१ विद्यालयलाई दिवा खाजामा यस वर्ष रु.४४ लाख २६ हजार निकासा गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका अनुसार विद्यार्थीलाई विद्यालयमा दिवा खाजा खुवाउने कार्यक्रम कार्यान्वयन गरी पालिकाले नियमित अनुगमन गर्नु पर्नेमा नगरेको,सत्यापन प्रमाणित, विधालय व्यवस्थापन समितिबाट प्रमाणित र हाजिरी प्रमाणित गरेर मात्र भुक्तानी गर्नुपर्नेमा गरेको छैन ।

पालिकाको नमुना छनौट गरी परिक्षणका लागि ६ विधालयको विल भर्पाई, सत्यापन प्रमाणित, हाजिरी माग गरी परीक्षण गरिएकोमा निम्न विधालयलाई संख्यात्मक विवरण, सत्यापन प्रमाणित, हाजिरी प्रमाणित, विधालय व्यवस्थापन समितिमा प्रमाणितका साथै पालिकाले समेत अनुगमन गरी यकिन गर्नुपर्दछ । पालिकाले विधालयलाई संख्यात्मक विवरण, सत्यापन प्रमाणित, हाजिरी प्रमाणित, विधालय व्यवस्थापन समितिमा प्रमाणितका, पालिकाले समेत अनुगमन गरी यकिन गरी यथार्थ खर्च बढी निकासा भएको रकम असुल गर्नुपर्दछ ।

२.बढी भुक्तानी: नमुना छनौटका आधारमा विभिन्न विधालयको हाजिरी कपि माग गरी गरिएको परिक्षणमा २०८१ बैशाख जेठ र असारको भुक्तानीमा रु.८३७००।बढी निकासा भएको छ। पालिकाले ५ विधालयलाई बढी निकासा भएको रकम र अन्य विधालयको समेत हाजिरी प्रमाणित, अनुगमन गरी सत्यापन अनुगमन गरेर बढी भए नभएको यकिन नगरि भुक्तानी गरेको रकम रु.८३७००। असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	८३,७००

५८ **सशर्त स्वास्थ्य तर्फ:**

कार्यक्रम कार्यान्वयन स्थानीय तहमा स्वास्थ्य तर्फको सशर्त अनुदान कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार हुनेगरी स्वास्थ्य तर्फको रु.३ करोड ९४ लाख बजेटका कार्यक्रममा रु.२ करोड ४१ लाख खर्च गरेको देखिन्छ। स्वास्थ्य तर्फ २५ कार्यक्रम रहेकोमा १० कार्यक्रम संचालन भएको छ । तलवी प्रतिवेदन वेगर तलव भत्ता खर्च, हात्तीपाईले रोग बिरुद्धको आम औषधि सेवन अभियान (MDA), CBIMNCI लगायतका कार्यक्रम संचालन भएकोमा किशोर किशोरी स्वास्थ्य, पोषण विशेष, डेँगु नियन्त्रण, नातृ तथा नवजात शिशु कार्यक्रम, स्वयम सेविका प्रोत्साहन, आमा सुरक्षा लगायतका कार्यक्रमको पेश्की भुक्तानी र

मृगौला प्रत्यारोपण, औषधि खरिद, क्षयरोग नियन्त्रण, आधारभुत स्वास्थ्य सेवाका लागि औषधि खरिद लगायतका कार्यक्रम संचालन भएको छैन । कार्यक्रम कार्यान्वियन पुस्तिकाको नर्म्स अनुसार कार्यक्रम संचालन गर्नुपर्दछ ।

५८.१ **औषधि खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। उपभोक्तालाई सहज सेवा,औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वियन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग,आपूर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ जारी गरेको छ। यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद तर्फ पालिकाको स्रोतवाट रु.५०लाख (सर्जिकल सामाग्री खरिद) र संघीय सशर्त तर्फ रु.२० लाख ७८ हजार समेत कुल रु. ७०लाख ७८ हजार बजेट विनियोजन भएको छ। पालिकाले विनियोजित रकमको विभिन्न भौचर रु.७० लाख २१ हजारको खरिद कार्य सम्पन्न गरेको छ । पालिकाले कम्पनीले प्रकाशित मुल्य सुची अनुसार खरिद गरेको छ। औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्वस्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरण तथा औषधि प्रतिशपर्धात्मक तवरले खरिद गर्नु पर्दछ। पालिकाले आकस्मिक अवस्थामा खरिद गर्न सकिने प्रावधान राखी खरिद ऐनको प्रावधान विपरित सशर्त र पालिकाबाट छुट्टा छुट्टै बजेट राखी टुक्रा पारेर खरिद गर्नु नियमसम्मत देखियन। खरिद ऐनको प्रावधान वमोजिम प्रतिष्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ ।

पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपुर्ति समेत गरेको देखिएन। आपुर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा प्रयोग र मौज्दात समेत यकिन भएन।साथै आपुर्ति भएका अधिकांश औषधी असार महिनामा सोझै खरिद भएकाले माग र आवश्यकता, गुणस्तरिय भए नभएको समेत यकिन गर्न सकिएन। अधिकांश औषधीमा व्याच नं, म्याद समाप्त मिति लगायत विल, दाखिला प्रतिवेदनमा समेत नखुलाएकाले १८ महिना भन्दा बढी समयको हो होईन यकिन गर्न सकिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी समयमानै टुक्रा नगरी खुला बोलपत्र मार्फत औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ५८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५८.२ **१.औषधि तथा औषधिजन्य उपकरणको मौज्दात व्यवस्थापनः**औषधिजन्य मालसामान खरिद तथा आपुर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ को परिच्छेद २ मा आपुर्ति व्यवस्थापन सम्वन्धी व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेशपुर्ण उपयोग लगायत विषय समावेश रहेको छ। पालिकाको स्वास्थ्य माहाशाखामा रहेको जिन्सी अभिलेख अनुसार ५ आइटमको मौज्दात र वितरण अवस्था निम्नानुसार रहेको छ।

क्र.स.	औषधिकोनाम	२०७९।८०				२०८०।८१			
		अ.ल्या.	आम्दानी	खर्च	बाँकि	अ.ल्या.	आम्दानी	खर्च	बाँकि
१	Amoxycillin 500mg. cap.	०	२३८००	१७७००	६१००	६१००	४५०००	४०३००	१०८००
२	Ciprofloxacin 500mg. Tab.	१३६००	१२०००	२५६००	०	०	३७४००	२५६००	११८००
३	Ranitidine 150mg. Tab.	६०३५०	५९०००	१११४९०	७८६०	७८६०	१०६०००	५२२६०	६१६००
४	Cetrizine 10mg. Tab.	७२५५०	३०४००	९३३५०	९६००	९६००	११००००	५१५००	६८१००
५	Paracetamol 500mg. Tab.	६२९००	४४५००	८६२००	२१२००	२१२००	१०७०००	७८१८०	५००२०

एमोक्सिलिन ५०० एम जि औषधि आर्थिक वर्ष २०७९।८० मा १७७०० क्याप्सुल मातहतका स्वास्थ्य संस्थामा हस्तान्तरण भएकोमा आर्थिक वर्ष २०८०।८१ मा २.५ गुणा बृद्धी भई ४०३०० क्यापसुल हस्तान्तरण भएको छ।विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणालीको प्रयोग पुर्ण रुपमा लागु नभएकोले पालिका स्वास्थ्य शाखाको मौज्दात प्रतिवेदन प्रणालीमा हस्तान्तरण भएको परिमाणसँग मातहतका स्वास्थ्य संस्थामा शाखागत तथा संस्थागत खर्च तथा मौज्दात भिडान हुने अवस्था रहेको छैन। सहजीकरण

पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपुर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ। सहजीकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपुर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ। साथै औषधिमा उत्पादन मिति, म्याद समाप्त मिति, ब्याच नं, उत्पादन कम्पनी, नेपालीमा निशुल्क वितरणका लागि मात्र भनेर उल्लेख गरी अनिवार्य रुपमा स्टोर दाखिला हुनुपर्ने देखिन्छ। पालिकाले अवस्था यकिन गरेरमात्र खरिद कार्य गर्नुपर्दछ।प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। अतः तोकिए अनुसार औषधि खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२.प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। तर पालिकाले यस बर्ष खरिद गरेका अधिकांश औषधीको ब्याच नं, उत्पादन मिती र अवधि नभएकाले यकिन गर्न सकिएन । पालिकाले खरिद गरेको औषधी गुणस्तरिय रहेको मान्न सकिएन । पालिकाले म्याद नाघेका/ ननाघेका यकिन गर्ने आधार भएन । नमुना छनौटका आधारमा गरिएको परिक्षणमा कुनैपनि खरिदमा ब्याच नं, उत्पादन मिती र अवधि उल्लेख नभएको, निशुल्क वितरण गर्ने भन्ने छाप नलगाईएको, टुक्रा टुक्रा पारि खरिद गरिएको देखिन्छ । यसरी खरिद गरिएका जसका केही उदाहरणहरु निम्नानुसारका रहेका छन्। अतः तोकिए अनुसार औषधि खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ । पालिकाले ब्याच नं लागायत Expire मिती उल्लेख भए नभएको यकिन गरेरमात्र खरिद गर्नुपर्ने देखिन्छ ।

५८.३ **न्यानो झोला कार्यक्रम**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका विभिन्न बर्थिङ सेन्टरमा यस वर्ष ९२८ थान रु.९०९८२६। खरिद गरेकोमा यस वर्ष ९६ महिला प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिका र वर्थिङ्ग सेन्टरमा खरिद गरिएका विगतको समेत ८३२ थान न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखियन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

५८.४ **स्वास्थ्य तर्फका कार्यक्रम:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले योजना बनाउदा महिला वालवालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ ।साथै सशर्त तर्फका कार्यक्रम संचालन गर्दा सशर्त कार्यक्रम संचालन कार्यविधिको पालना गरेरमात्र कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले कार्यक्रमको प्रभावकारिता भन्दा भत्ता र विविध खर्चमा ध्यान दिएको छ।

यस वर्ष पालिका र संघिय सरकारबाट हस्तान्तरित तर्फ स्वास्थ्य तर्फ स्वास्थ्य संस्थामा अन्तरक्रिया, पोषण कार्यक्रम, CBIMNCI लगायतका स्थानिय स्तरमा पहुँच पुग्ने लगायतका कार्यक्रममा फोकस गर्नुपर्नेमा गरेको छैन र पालिकाका पदाधिकारी र कर्मचारीहरुलाई भत्ता र विविध शिर्षकमा वितरण गर्ने आधार देखिदैँन। पालिका पदाधिकारी र कर्मचारीले कार्यक्रम संचालन गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्वेश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने निश्चित गरी बजेट व्यवस्थापन गरी कार्यक्रम कार्यान्वियन हुनुपर्ने देखिन्छ । पालिकाले कार्यक्रमको उदेश्य भन्दा भत्ता र विविध खर्चमा बढी खर्च गरेको देखिएकाले पदाधिकारी र कर्मचारीले कार्यक्रम कार्यान्वयनको स्पष्ट आधारका आधारमा मितव्यायी तरिकाले संचालन गर्नुपर्ने देखिन्छ। पालिकाका स्वास्थ्य तर्फका अन्य कार्यक्रम, पोषण,CBIMNCI कार्यक्रम लगायतका स्वास्थ्य तर्फका कार्यक्रममा अनुगमन, यातायात, विविध खर्च, खाजा खर्च, व्यानर लगायतका शिर्षकका खर्च दोहोरो हुन सक्ने देखिएको र स्वास्थ्य तर्फका सम्बन्धित कार्यक्रमका नम्स प्रयोग गर्नुपर्नेमा प्रदेश नम्स प्रयोग गरेकाले सम्बन्धित नम्स मात्र प्रयोग गर्नुपर्ने देखिन्छ ।

५९ **लघु उधम कार्यक्रम**

कार्यक्रम सञ्चालन - गरिबी निवारणका लागि लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारण निर्देशिका,२०७७ पालना गर्नुपर्ने व्यवस्था छ। पालिकाले गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि यस वर्ष १२ लाख ६० हजार खर्च गरेको छ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

कार्यक्रम बाडफाँड- गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भएअनुसार बजेट बाडफाड गरी सोही निर्देशिकाको अनुसूची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले निर्देशिका अनुसार नै बजेट बाडफाँट गरेको भएतापनि कार्यक्रम कार्यन्वयन गर्दा अनुसूची ३ ले तोकेको ढाँचामा कार्यक्रम सञ्चालन गरेको छैन।निर्देशिकाले लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता तालिम, प्रविधिमा पहुँच तथा हस्तान्तरण लगायतका विविध विषयहरु क्रमश: सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले बजेट व्यवस्थापन गरेतापनि लघु कर्जामा पहुँच तथा बजारीकरण सेवा गरी दुई शीर्षकको कार्यक्रम तथा बजेट विनियोजन नगरी नया उद्यमी सिर्जनामा २५००००।०० बजेट खर्च गरेको देखिन्छ।निर्देशिकाले तोकेभन्दा फरक तरिकाले खर्च गरेकोले कार्यक्रममा सुधार गर्नु पर्दछ।

प्रविधि हस्तान्तरण- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले सरफको मिक्सर मेसिन रु.१४००००।०० मा १ थान बाराबाट खरिद गरेकोमा उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशतले हुन आउने रु.२८०००।०० योगदान भएको देखिदैन। निर्देशिका अनुसार उधमीबाट नियमानुसार असुल गर्नुपर्दछ ।

कार्यक्रमको प्रक्रिया तथा रेकर्ड व्यवस्थापन: लघु उद्यम कार्यक्रमबाट लाभान्भित भएका व्यक्तिहरु तथा सञ्चालित कार्यक्रमको अभिलेख राख्न उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले gesimis.moics.gov.np प्रणाली प्रयोगमा ल्याएको छ।यस प्रणालीमा लघु उद्यमी तालिम तथा विकास सम्बन्धी चरण चरणका विवरणहरु अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रमका विभिन्न चरणमा सहभागी भएका लाभग्राहीहरुको अभिलेख यस सिस्टममा अद्यावधिक गरेको छैन।अभिलेख अद्यावधिक नभएका कारण विभिन्न चरणका तालिममा छुट्टाछुट्टै सहभागी हुन सक्ने पहिलो चरणको तालिम नलिएको व्यक्ति पछिल्लो चरणको तालिममा सहभागी हुन सक्ने सम्भावना रहन्छ। साथै हस्तान्तरित प्रविधि सदुपयोग भएको नहुन सक्ने समेत सम्भावना रहन्छ। तसर्थ gesimis.moics.gov.np को पुर्ण रुपमा प्रयोग गर्नुपर्दछ।

असुल गर्नुपर्ने	२८,०००

६० **संगठन तथा व्यवस्थापन सर्वेक्षण (१२४-२०८०-०८-२०):**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपुर्व लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नको लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान सँग सम्झौता गरेको छ। यस कामको लागि रु.४७०००० र पालिकाले रु.११०००० खर्च गर्ने गरि साझेदारी गरि खर्च भएको देखिन्छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु देहाय अनुसार रहेका छन:-

१.संगठन तथा व्यवस्थापन सर्वेक्षणको आवस्यकता पहिचान गरेको देखिएन ।

२.संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले बनाई दिएको संगठन तथा व्यवस्थापन सर्वेक्षणमा सामान्य संशोधन गरेर पालिका आफैले तयार गर्नसक्ने देखिन्छ ।

पेश भएको विवरणमा देखिएका व्यहोराहरु

१.संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वनाएको संगठन तथा व्यवस्थापन सर्वेक्षणभन्दा ३५ बढी भार पर्ने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण वनाएको देखिन्छ । भने बजेट प्रयोजनको लागि ६८ अस्थाई दरबन्दी राखेको पाईन्छ।

२.पालिकाको आन्तरिक आम्दानी आव २०८०।८१ मा रु२९०२१४५।२६ भने नयाँ प्रस्तावित दरबन्दी अनुसार बजेट प्रयोजनको लागि ६८ अस्थाई दरबन्दी रु २१७९१८७४ छ भने प्रस्तावित संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार ६२ जनाको लागि रु.५३०८८३३० गरि रु७४८८०२०४ लाग्ने देखिन्छ। जुन पालिकाको आन्तरिक आम्दानी ४ प्रतिशत हुन आउछ ।

तसर्थ लागत अनुमान तयार तथा आवस्यक्ता पहिचान नगरी द्धितीय तथ्याङको प्रयोग गरि यथार्थ परक नहुन सक्ने हुदाँ यस्ता प्रकृतिका सर्वेक्षण गर्दा ध्यान दिनु पर्दछ ।

६१ **आर्थिक विकास चालु**

यस वर्ष पालिका आर्थिक विकास चालु तर्फ रु.३ करोड ८९ लाख बजेट व्यवस्था भएकोमा रु.२ करोड ९० लाख का कार्यक्रम कार्यान्वियन भएको छ। पालिकाले ८३ कार्यक्रम गर्ने लक्ष्य राखेकोमा ७० कार्यक्रम आंशिक वा पुर्ण भएको देखिन्छ। केराको परिकार बनाउने, मल प्रोत्साहन, कृषक पाठशाला, उधम विकास तालिम, बेमौसमी तरकारी उत्पादन, केराबाट फाईवर उत्पादन साझेदारी लगायतका कार्यक्रममा शुन्य प्रगति भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

६१.१ **पकेट कार्यक्रम:** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना व्यवस्थापनइकाई खुमलटार, ललितपुरले प्रकाशन गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वियन म्यानुवल, २०७९को ४.१.५ मा कार्यक्रम संचालन अवधि तथा पकेट संख्या अन्तरगत स्थानीय तहको प्रत्येक वडामा कम्तिमा २ वटा पकेट छनौट गरी परियोजनाको आर्थिक सहयोगमा कार्यक्रम संचालन गरिने उल्लेख छ । यसैगरी परियोजना कार्यान्वियन म्यानुवल,२०७७को ४.१.९.२ (क)मा पकेट निर्धारणकोलागी तालिका नं.१मा उल्लेख भए बमोजिमको आधार पुरा भएको पकेटमा उत्पादन र उत्पादकत्व बृद्धिका कार्यक्रमहरु प्रथमिकताका साथ संचालन गर्नुपर्नेर (ग) मा स्थानीय तहको स्वीकृत लाभान्वीत वर्गको सहभागीतामा प्रविधिक समितिले तालिका नं २ मा उल्लेख भएका क्रियाकलापको सुचीमध्येवाट लाभान्वीत वर्गको आवश्यकता र प्रविधिकदृष्टिकोणले उपयुक्त क्रियाकलापहरुको छनौट गरी स्थानीयदररेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले पकेट विकास कार्यक्रम अन्तरगत अनुदानमा निम्न अनुसारको कार्यक्रम पकेट संचालन गरी रु.४ लाख ५१ हजार अनुदान वापत भुक्तानी दिएकोछ ।

क.लाभग्राहीछनौट गर्दा स्पष्ट्र मापदण्डका आधारमा छनौट गर्नु पर्नेमा नगरेको,

ख.अघिल्ला आर्थिक बर्षहरुमा अनुदान दिएकोमा उक्त पहिले नै प्राप्त गरेका लाभग्राहीह दोहोरिन गए नगएको सम्बन्धमा समेत स्पष्ट अभिलेख राख्नु पर्नेमा नराखेको,

ग.पालिकाले कार्ययोजना तयार नगरेको, लाभग्राही छनौटको स्पष्ट्र आधार पेश नभएको र अघिल्ला आर्थिक बर्षहरुमा अनुदान दिएकोमा उक्त पहिले नै प्राप्त गरेका लाभग्राहीहरु दोहोरिन गए नगएको अभिलेख समेत नराखेकोले यकिन गर्न समेत सकियन ।

कार्ययोजना, लाभग्राही छनौटको आधार, गत वर्षहरुमा अनुदान पाउनेहरुको अभिलेखको प्रमाण पेश गर्नु पर्ने देखिन्छ ।यस वर्ष गो.भौ.न.२३१।८१।३।१६ मा दुग्ध विकास कार्यक्रम अन्तर्गत दुधको क्यान वितरण कार्यका लागि रु.४लाख ५१ हजार भुक्तानी गरेको छ । पालिकाले कार्यक्रम कार्यान्वियन म्यानुयल प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

६१.२ **अनुदान निती**– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पुर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

६१.३ **कृषी पशु अनुदानः**कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण

वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस मन्त्रालय/पालिकावाट रु. लाख बजेट व्यवस्था भएकोमा कृतिम गर्भाधान, तलव लगायतका कार्यक्रम मात्र संचालन भएको छ भने अन्य कार्यक्रम संचालन भएको छैन । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ । साथै पालिकाले समुह र व्यक्ति छनौटको आधार समेत यकिन गर्नुपर्ने देखिन्छ। (हजार)

(विस्तृत विवरण बेरूजु दफा ६१.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६२ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५ , सामाजिक सुरक्षा नियमावली-२०७६, विधुतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता रणनिती-२०७४, सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि,२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.९२६४५५०९प्राप्त भएको आर्थिक विवरण पेश भएको छ । पालिकाले यस वर्ष लगत कट्टा भएको विवरण र विवरण अध्यावधिक गरेर नराखेकाले यकिन विवरण उपलव्ध हुन सकेन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

त्रैमासिक	संख्या	वितरित	रिजेक्ट	वितरण रकम	रिजेक्ट रकम	संख्या	फिर्ता रकम	कुल रकम
पहिलो	२२२०	२१९३	२७	२२४८८९५४	२४३११२	२२२०	२४३११२	२२४८८९५४
दोस्रो	२२७८	२२६५	१३	२३०७५६७२	१६१५२६	२२७८	१६१५२६	२३०७५६७२
तेस्रो	२३०४	२२९६	८	२३३८८३४३	१५३११	२३०४	१५३११	२३३८८३४३
चौथो	२३३७	२३२१	१६	२३६९२५४०	९२२९	२३३७	९२२९	२३६९२५४०
जम्मा	९१३९	९०७५	६४	९२६४५५०९	४२९१७८	९१३९	४२९१७८	९२६४५५०९

६२.१ **क.**सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । छनौटगत रुपमा वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन भएको देखिएन । निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सूचिवाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखिन्छ । लाभग्राहीको नाममा मृत्यु दर्ता पछि मात्र लगत कट्टा गर्दा सामाजिक सुरक्षा भत्ता बैँक मार्फत बढी जाने देखिन्छ । यसमा सुधार गरि कार्यक्रम कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्न देखिन्छ ।

ख.पालिकाले सामाजिक सुरक्षा भत्ता कार्यविधी,२०७७ को परिच्छेद ७ मा भत्ता वितरणमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न कार्यपालिकामा त्रैमासिक समिक्षा, लाभग्राहीको विवरण सार्वजनिक र सार्वजनिक सुनुवाई गरी एकिन गर्नुपर्नेमा गरेको छैन। साथै हटाउनु पर्ने लाभग्राहीको विवरण वडा कार्यालय, वडा अध्यक्ष र सदस्य, नागरिक समाज लगायतले सत्य तथ्य बुझि लगत कट्टा गर्नुपर्नेमा गरेको पाईएन । साथै व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न जनतालाई प्रोत्साहित गरी सामाजिक सुरक्षा भत्ता थप हुन सक्ने अवस्था एकिन गरी पालिकाले समयमै छानविन गरि लगत कट्टा गरी रकम फिर्ता गर्नुपर्दछ । लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ ।

६२.२ **बढी निकासा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानीय तहले आवश्यक बुझी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित वडा कार्यालय तथा बैंकबाट लगत कट्टा हुने गरि लगत कट्टा गरेको मितिसम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । बैंकले पालिकाबाट प्राप्त निकासा वितरण गरि बाँकी रहेको रकम र लगत कट्टा भई फिर्ता गर्नुपर्ने रकम

फिर्ता गरेपनि कुन कुन लाभग्राहीको लगत कट्टी बाट के कति रकम फिर्ता भएको हो स्पष्ट देखिने गरि विवरण दिएको देखिएन । पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको पहिचान गरी स्पष्ट रुपमा नामनामेसी नखुल्ने गरि वितरण गरिएको भत्ता रकम संघीय संचित कोषमा फिर्ता/दाखिला गर्नु पर्दछ।

६२.३ **क.**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ। पालिकाले निष्कृय लाभग्राहीको खाताको विवरण माग गरी लगत अद्यावधिक गर्नु पर्दछ। यस वर्ष ६४ खाता रिजेक्टको विवरण पेश नभएकाले पालिकाले विवरण निष्कृय खाताको विवरण माग गरी खाता अध्यावधिक गर्नु पर्दछ।

ख.सार्वजनिक सुनुवाईः स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गर्ने परिपाटी बन्द गर्नुपर्दछ।

ग.निरीक्षण तथा अनुगमनः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको पाइएन।

घ.पारदर्शीता कायमः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । तर पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शिता कायम गरेको देखिएन । यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ ।

ङ.आन्तरिक लेखापरीक्षणः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८४ मा कार्यालय प्रमुखले राजश्व, धरौटी तथा बिनियोजन तर्फको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यबिधि २०७७ को दफा १९ मा भत्ता वितरणको लागि निकासा लिएको रकम नियमानुसार खर्च गरी प्रचलित कानून बमोजिम लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेव्यवस्था छ।कार्यालयले कोष तथा लेख नियन्त्रक कार्यालयबाट अन्तरसरकारी तर्फको आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा एकिकृत स्वास्थ्य पुर्वाधार र सामाजिक सुरक्षा तर्फको आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको छैन जसले गर्दा वार्षिक बजेटमा कुल निकासा र बाँकी र यथार्थ खर्चको सम्बन्धमा यकिन हुन सकिएन। नियमावली र कार्यविधिको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउनु पर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	**अनुगमन:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने छ। कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८० अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा विज्ञान प्रयोगशाला, विधालय भवन निर्माण, प्रोत्साहन अनुदान र एकमुष्ट अनुदान लगायतका कार्य गर्न विद्यालयलाई निकासा दिन सकिने व्यवस्था छ। यस वर्ष विद्यालयहरुले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार प्राप्त रकमबाट खरिद गरिएका मालसामानहरुको उपयोगको स्थिति, मालसामान दाखिला, प्रोत्साहन अनुगमन र लगायतको कार्य यकिन गरी अनुगमन गरी पालिकाले खर्च यथार्थ भएको नभएको विस्वस्त हुनुपर्ने देखिन्छ।	0.00
२	आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०६४को नियम ३९(१०) अनुसार कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।१५ वेडको अस्पताल निर्माण कार्यको ६औँ रनिङ्ग विल देखी सातौँ रनिङ्ग विलको भुक्तानीमा फरक परेको रु. १२७५४२९२।।मध्ये प्रतिकृयामा पालिकाले पेश गरेको नबौँ विल रु.२८८३८७९२।मध्येबाट 9बौँ रनिङ्ग विलमा रु.६५७७०९४। हिसाव मिलान गरेको र फरक परेको विलको रु.६१७७१९८।,फरक सुचकाङ्क प्रयोग भएको मुल्य समायोजन रकम रु.१०३८७,४६०। र पेश्की फस्यौट गर्न बाँकी रु.९५३००००। समेत रु.२६०९४६५९। नबौँ रनिङ्ग विलमा कट्टा गरेर बाँकी रकम रु.२७४४१३४। निर्माण व्यवसायीलाई पालिका पुँजीगत शिर्षकको ठोरी गाँउपालिका १५ शैयाको अस्पताल निर्माणको शोधभर्ना ऋण लिई सुत्रको भौचर नं १६९।०८२।१।१५को भुक्तानी समेत हालसम्म (नबौँ रनिङ्ग विलसम्म) मुल्य समायोजन समेत रु.१८७६१६१७९.३६ भुक्तानी गरेको छ । पालिकाले सुरु देखिको बील यकिन गरेर अन्तिम बिल भुक्तानी गर्नुपर्दछ।	0.00

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ठोरी (सुवर्णपुर) गाउँपालिका, पर्सा , ठोरी गाउँपालिका , पर्सा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	कृष्णलाल श्रेष्ठ	२०७७-५-२५	२०८०-११-२८
कार्यालय प्रमुख	राज कुशवाह	२०८०-११-२९	२०८१-५-१८
कार्यालय प्रमुख	धर्मराज बहादुर थापा	२०८१-५-१९	हाल सम्म कार्यरत
लेखा प्रमुख	बुद्धिसागर मरहट्टा	२०७८-९-१३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१२,६१०,७१४	२,४८१,८०५	१६,४२५,०९७	०	०	१००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३१,६१७,६१६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२२,८७९,४८०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	८,७३८,१३६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१७०६१२४४.४८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२७२७४९९०३.७	चालु खर्च	२७१४०६३८६
प्रदेश सरकारबाट अनुदान	९४३५३३७.०	पूँजीगत खर्च	९१६७२२०६.६५
राजश्व बाँडफाँट	८५५९८२८८.९	वित्तीय/अन्य व्यवस्था	१५१४३३५२३
आन्तरिक आय	४५०९१४१.५७		
अन्य आय	१४७९९१४६३		
कुल आय	५२०२८४१३४.१७	कुल खर्च	५१४५१२११५.६५
बाँकी मौज्दात		२२८३३२६३	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका िवषय
1	विषयगत कार्यक्रम खर्चको परीक्षण	२ कार्यक्रम परीक्षण
2	उपभोक्ता समिति	ठुला ५ वटाको परीक्षण
3	आन्तरिक आयको परीक्षण	२ वडा र पालिकाको २ महिनाको परीक्षण
4	सामाजिक सुरक्षा	फर्वार्ड र रिभर्स फिडको परीक्षण
5	पुँजीगत खर्च	मुख्या ३ वटा ठेक्का
6	स्वास्थ्यतर्फ	मुख्य ३ कार्यक्रम परीक्षण
7	चालु खर्च	मुख्य ३ महिनाको परीक्षण
8	तलब भत्ता तथा पारिश्रमिक खर्च	तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
9	शिक्षा तर्फ	२ विधालयको निकासा परीक्षण

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स.	विवरण	चालुआ.ब.	गतआ.ब.
	राजस्व, अनुदानर अन्य प्राप्ति		
११०००	कर	८२९५७०९४.६१	४५२०६७७३.०६
१३०००	अनुदान	२८२१८५२४०.६६	३३७३९८२९९.१५
१४०००	अन्यराजस्व	७१७८४८१.६५	७८१८९३३.३५
क	कुलजम्मा प्राप्ति	३७२३२०८१६.९२	३९०४२४००५.५६
३	चालु	२७१४०६३८६.१९	२५३२६९१५३.९५
२१०००	पारिश्रमिक / सुविधा	१४२६४९८२४.३१	१४११३८०१८.३२
२२०००	मालसामानतथा सेवाको उपयोग	१०८०५६८९९.८८	१०२९२६२४१.६३
२५०००	सहायता (Subsidy)	११३०५०००.	६४३२५१.
२७०००	सामाजिकसुरक्षा	७३७१२८२.	७५३९७६३.
२८०००	अन्यखर्च	२०२३३८०.	१०२१८८०.
४	पूंजीगत	९१६७२२०६.	१७८५१५९३२.७
३१११०	भवनतथा संरचना	५८३०११.	४४९९९५२.
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	६१३०४३६.	१३२६१५७१.
३११३०	अन्यपूँजीगत खर्च	४०१६६०१.	२७४९२९०.
३११५०	सार्वजनिकनिर्माण	७९१२५९१५.	१५३५२४५७०.७
३११६०	निर्मितसरचनाकोसुधार खर्च	१८१६२४३.	४४८०५४९.
ख)	कुलजम्मा भुक्तानी	३६३०७८५९२.१९	४३१७८५०८६.६५
ग)	बचत /कमी (ग = क-ख)	९२४२२२४.७३	-४१३६१०८१.०९
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	-९१०५११०.०४	
घ.१)	कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी	-३४,९१२.००	-७२९०९५.
ङ)	यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	१३७११४.६९	-४१३६१०८१.०९
च)	गतआ.व.को नगद तथा बैंक मौज्दात	९२०१९८१.६४	५०५६३०६२.७३
छ)	विनिमयनाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	९३३९०९६.३३	९२०१९८१.६४

बेरूजु दफा १७.४ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.सं.	आ.व.	आम्दानी रकम	अनुमानित रकम
१	२०७८।७९	३२०४३३३	१८४२०३८९
२	२०७९।८०	४०३८४३६	१४०००००
३	२०८०।८१	४४६५८०७	४००००००
जम्मा		११७०८५७६	२३८२०३८९

बेरूजु दफा ३० सँग सम्बन्धित विवरण - अनुसूची -५

चालु- भौ.नं	भएकोरकम	हुनुपर्ने	रकम
३४०-१२/२८/२०८०	आर्थिक साहयता	कार्यक्रम खर्च	१५००००
१७६-०८०।९।२६	विविध खर्च	हरितालिका तिजमा दरखाने कार्यक्रम	१०००००
३४०-०८१।०३।२०	मेशिनरी तथा औजार मर्मतसम्भार तथ तथा सञ्चालन खर्च	सवारी साधन मर्मत खर्च	४५६०१०
जम्मा			७०६०१०

बेरूजु दफा ३१ सँग सम्बन्धित विवरण - अनुसूची -६

चालु- भौ.नं	कार्यक्रमकोनाम	गरेकोकाम	भुक्तानीपाउने	रकम
३६०-२०८१-०१-१६	महिला सिप तथा सशक्तिकरण कार्यक्रम	वडा नं १ को महिलाहरुलाई सरफ बनाउने ७ दिने तालिम	जनकल्याण तालिम तथा परामर्श केन्द्र प्रा.ली.	१९७८०६
३६३-२०८१-०१-१६	सिप विकास तालिम	१ महिने ब्युटिसियन तालिम	सामाजिक विकास अभियान नेपाल	९८४४५६
३८३-२०८१-०१-२३	सहकारी प्रवर्द्धन कार्यक्रम	निर्मल ठोरी साना किसान कृषि सहकारीका सदस्यहरुलाई सहकारी शिक्षातालिम	अभियान नेपाल र निर्मल ठोरी साना किसान कृषि सहकारी	५९३५३३
	जम्मा			१७७५७९५

बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण - अनुसूची -७

भौचर मिति	विवरण	कार्यालय	रकम	कैफियत
७२-०८०।७।२२	तिजको दर खाने कार्यक्रम	हेमा चापागाईलाई भुक्तानी	९८३५०	अनुदान खर्च शिर्षकबाट भुक्तानी र उपस्थितिको विवरण पेश नभएको।
७७-०८०।७।२२	पर्यटन दिवस कार्यक्रम	धनराज बोट	१०००००	उपस्थितिको विवरण पेश नभएको
१६९-०८०।०९।१९	तिज दर खाने कार्यक्रम	कमल महतो	१०००००	वडा नं ३ मा भएको र उपस्थितिको विवरण नभएको।
१७१-०८०।०९।२४	हरितालिका तिज कार्यक्रम	धनराज बोट	७५००००	वडा नं २ मा भएको र उपस्थितिको विवरण नभएको।
१७१-०८०।०९।२४	हरितालिका तिज कार्यक्रम	दिपेन्द्र शर्मा	५००००	वडा नं १मा भएको र उपस्थितिको विवरण नभएको।
१७६-०८०।०९।२६	तिजमा दर खाने कार्यक्रम	दिपेन्द्र शर्मा	१०००००	वडा नं १मा भएको र उपस्थितिको विवरण नभएको।
१११-०८०।०८।०७	नेपालसंवत कार्यक्रम संचालन	नेवाः देय् दवू	२०५०००	अनुदान खर्च शिर्षकबाट खर्च गरेको तथा कार्यक्रमको सम्पन्न तथा सोको मुल्याङ्कन प्रतिवेदन समावेश नभएको।
	जम्मा		१४०३३५०	

बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण - अनुसूची -८

गो.भौ.नं.	विवरण	आर्थिक सहायता प्राप्त गर्ने	जम्मा
३४०	कार्यपालिकाको निर्णयको आधारमा भुक्तानी रू	जरिलाल थिङ्ग तामाङ्ग	१५००००
		विनोद तामाङ्ग	१०००००
	कार्यपालिकाको निर्णय	एक संस्था	१०००००
३४४	कार्यपालिकाको निर्णय	Nepal teacher associations	२५०००
२८०	कार्यपालिकाको निर्णय	नेवा दे दवु	३००००
	जम्मा		४०५०००

बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची -९

गो.भौ.नं र मिति	योजना	काम	व्यवसायी	परिमाण	दर	बढी
१६।१७।२०।	उधमशिलता भवन र कम्पाउण्ड वाल निर्माण	ब्रिक वर्क	विरगन्ज निर्माण सेवा	८३.१३*३०=२४९४	१४	३४९१४
८१।३।२३			विक्रम निर्माण सेवा	४६.४४*३०=१३९३.२	१४	१९५०४
			संजय निर्माण सेवा	१६.३४*३०=४९१	१४	६८६२
१०।८१।३।१८	खेलकुद पुर्वाधार निर्माण		खेलकुद पुर्वाधार उ स	५५.२९*३०=१६५८	१४	२३२२१
२६।८१।३।२३	पार्क निर्माण		हिरण्य बालकृष्ण ई. क	४१.६४*३०=१२४९.२	१४	१७४८८
१३।८१।३।२३	विजय वस्ती मावि भवन निर्माण		प्रकाश निर्माण सेवा	१२५.७५*३०=३७७३	१४	५२८१५
जम्मा						१५४८०४

बेरूजु दफा ४१ सँग सम्बन्धित विवरण - अनुसूची -१०

भौचर नं./मिति	विवरण	रकम
१९०-०८१।३।१७	गाउँपालिकाका विद्यालयहरुको लागि डेस्क वेन्च ४० थान खरिद भएकोमा विद्यालयले आम्दानी बाधेको प्रमाण संलग्न भएको नदेखिएको	३९९७७

बेरूजु दफा ४२ सँग सम्बन्धित विवरण - अनुसूची -११

गो.भौ. न र मिति	कार्य	व्यवसायी	रकम
२०।८०।७।२३	समरसेल, कृषि	न्यू सुरज मेशिनरी६०२७२९५२९	९९८४७५
१८३।८१।३।१७	मोटर खरिद	ओम इम्पोरियम३०४५१८०८७	९९५१५७
१७२।८१।२।१८		क्रियटिभ आइ टि सेन्टर	२९९१९०
३७।८०।८।९		माला ट्रेड सप्लायर्स ६१४०८९१८१	९९७१७४
५२।८०।८।२१	सि सि क्यामेरा जडान	फिनिक्स टेक्नोलोजी प्रा. लि.	९९३६०९
८०।११।४	गापामा AC खरिद	रौनक ट्रेडर्स एण्ड जेनरल स्टोर्स	९९५३०४
१८१।८१।३।१७	AC खरिद	सुभलक्ष्मी बहुउदेश्यिय सहकारी सं लि	८०४५६०
२२१।८१।३।२३	बोरिङ्ग जडान	लक्ष्मी कन्ष्ट्रक्सन प्रालि	९६१६५९
२३१।८१।३।२४	सोलार फेन्स खरिद	यु एण्ड जि ट्रेडर्स	९७५९१३

बेरूजु दफा ४३ सँग सम्बन्धित विवरण - अनुसूची -१२

क्र स	भौचर नं./मिति	विवरण	रकम
१	४२।८०।८।१३	बाधमोर्चाको अधुरो पुल निर्माण कार्य	४७३३४२
४	१६८।८१।२।२१	वडा न ३ को सामुदायिक भवन निर्माण	४७७५२०
५	४०।८०।८।१३	निर्मलवस्ती स्वास्थ्य चौकी फिनिसिङ्ग कार्य	७५२०२९
६	१८६।८१।३।१७	गुप्तेश्वर मन्दिर मर्मत सुधार कार्य वापत	४८३८५०
	जम्मा		२१८६७४१

बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -१३

गो. भौ . नं र मिति	कार्यक्रमको नाम	व्यवसायी	रकम(हजारमा)
२७।८०।७।२३	विजयवस्ती मावि डिपिआर	पिसफुल ग्रीन अर्थ कन्सल्टेन्सी एण्ड सर्भिसेज प्रा.लि.	९९८
९६।८०।११।२७	विजयवस्ति क्लक टावर	मिसन ईन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रालि	४९७
८१।२।१३।१६४	ढोरी पार्कको डिपिआर निर्माण	दिगो सिभिल डिजाइन कन्सल्टेन्सी	१६९५
३१।८१।३।२४	ओडारखोला फो पु	आदर्श जनसेवा यूवा क्लव	२५१
२४।८०।७।२३	सुवर्णपुर स्वास्थ्य चौकी	ग्लोवल इन्टरनेशनल इन्जिनियरिङ्ग कन्सल्ट	९९९

बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची -१४

गो.भौ. नं र मिति	कामको नाम	निर्माण व्यवसायी	रकम
२८।८१।३।२३	बह्म बुद्व नगर ओडारी खोला पुल	बह्म बुद्व नगर ओडारी खोला पुल उस	६७६९४३९
५।१६।८१।३।२३	मल्टि प्रपोज विल्डिङ्ग	बिरगन्ज निर्माण सेवा	८५०००००
८१।३।२३।१८	कम्पाउण्ड वाल निर्माण	बिक्रम निर्माण सेवा	२८९८८२३
९।८०।६।२६	श्याम सुवेदिको घरदेखि कुवँर टोल जाने बाटो ढलान	श्याम सुवेदिको घरदेखि कुवँर टोल जाने बाटो ढलान उपभोक्ता समिति ठोरी १	२९०४४३९
८०।६।१५।४		प्रकाश निर्माण सेवा	३१६९१५२
६।८०।६।१८	स्यालो ट्युववेल जडान	विन्धवासिनी मल्टिपर्पोज कन्सल्ट्यान्सी प्रा.लि.	२४३११९५

बेरूजु दफा ५३ सँग सम्बन्धित विवरण - अनुसूची -१५

गौ.भौ.	विवरण	संख्या	भुक्तानी
१८३।८१।३।१७	मोटर खरिद	१९ वटा	९९५१५७
२०।८०।७।२३	समरसेल मोटर खरिद		९९८४७५
१७२।८१।२।२८	कृषि मोटर	११	२९९१९०
१३९।८१।१।२३	वडा न ३ नयाँबस्तिमा बोरिङ्ग जडान	१	२८४८५६
४।८०।६।१५	वडा न ४ मा स्यालो ट्युवेल जडान प्रकाश निर्माण सेवा		३१६९१५२
५।८०।६।१५	वडा न ५ मा स्यालो ट्युवेल जडान- प्रकाश निर्माण सेवा		५३५९६८
८०।६।१८।६	वडा न २ मा स्याालो ट्युवेल जडान		२४३११९५

बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -१६

क्र.सं.	**विधालय**	**रकम**
१	ज्ञानवाटिका मावि	३५९९६५
२	ज्ञानज्योती मावि	२५६१८५
३	नेपाल राष्ट्रिय प्राविधिक मावि	२०३७३७
४	नेपाल राष्ट्रिय मावि	२३६४५९
५	सरस्वती माध्यमिक विधालय	३०३६२४
६	श्री माध्यमिक विधालय विजयवस्ती	२२००१२

बेरूजु दफा ५८.१ सँग सम्बन्धित विवरण - अनुसूची -१७

(रकम रु हजारमा)

स्रोत	गो.भौ/मिति	आइटम संख्या	बजेट	खर्च	व्यवसायी	भुक्तानी
	३८६।८१।१।२३	आयुर्वेदिक औषधि खरिद	७००	७००	हेमन्त आयुर्वेद फर्मा	७००
	४६५।८१।३।१५	विभिन्न	१०००	९९९	रिदान मेडी कन्सर्न	९९९
	३९।८०।६।३०	आयुर्वेदिक औषधि खरिद	५००	४९९	सोलुसन आयुर्वेद फर्मा	४९९
	७९।८०।७।२२	विभिन्न	१०००	९९९	क्यान्डेला मेडि कन्सर्न	९९९
	२१०।१०।१०।५	पशु औषधि खरिद	१०००	९९९	मंगलेश्वर एग्रोभेट सप्लायर्स प्रा.ली	९९९
पालिका	२९९।८०।११।२३	ल्याव सामाग्री खरिद	८००	७९९	जुग्नु फार्मास्युटिकल्स प्रा.लि.	७९९
	२६।८०।६।३०	विभिन्न	१४७८	१४७७	भिमदेवी मेडिसिन सप्लायर्स प्रा.लि.	१४७७
संघीय सशर्त्	२८।३४।१३२।१३३	आयुर्वेद सेवा	६००	५९९	सोलुसन आयुर्वेद फर्मा र हेमन्त आयुर्वेद फर्मा	५९९
जम्मा			७०७८	७०७१		७०७१

बेरूजु दफा ६१.३ सँग सम्बन्धित विवरण - अनुसूची -१८

अनुदानको किसिम	भुक्तानी पाउने	संख्या	बजेट	रकम
वालीमा लाग्ने रोग नियन्त्रणको लागि विषादि	अमित एग्रो इन्टर प्राइजेज	१२१०	५००	४९९
रैथाने बाली प्रवर्द्धन	७२ जना विभिन्न व्यक्ति र समुह	७२	५००	४५१
आ.व. 2079/80 मा स्थापना भएको धानबाली पकेट विकास कार्यक्रमको निरन्तरता	श्री वनशक्तिमाई महिला वचत तथा ऋण सहकारी संस्था लि.			४१३
कृषि/पशुपन्छी बजार पूर्वाधार कार्यक्रम (हाट/संकलन केन्द्र/भण्डारण/चिस्यान केन्द्र समेत	KRISHI / PASHUPANKSHI BAZAR PURWADHAR KARYAKRAM		१०५०	१०३५

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्नेसामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षणप्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।